# सामुदायिक विद्यालयमा विद्यार्थीको नियमितता

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय शिक्षा योजना तथा व्यवस्थापन विभाग स्नातकोत्तर तह (एम.एड) दोस्रो बर्षको आशिंक आवश्यकता परिपूर्तिका निम्ति प्रस्तुत

शोधपत्र

शोधकर्ता

रुम बहादुर के.सी.

त्रि.वि.द.नं. ५०७५३-८९

परीक्षा रोल नं. : २४०००४२/२०६५

त्रिभुवन विश्वविद्यालय शिक्षा योजना तथा व्यवस्थापन विभाग

सप्तगण्डकी बहुमुखी क्याम्पस

भरतपुर, चितवन

श्रावण २०७०

# सप्तगण्डकी बहुमुखी क्याम्पस

SAPTAGANDAKI MULTIPLE CAMPUS

(Affiliated to T.U. and HSEB, Nepal)

भरतपुर, चितवन, नेपाल
Bharatpur, Chitwan, Nepal

प.सं./L.No. :
च.नं./Ref.No. :

# शिक्षा योजना तथा व्यवस्थापन विभाग

## सिफारिस-पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय, शिक्षा योजना तथा व्यवस्थापन विभाग स्नातकोत्तर तह एम्. एड्. दोस्रो वर्षको आंशिक आवश्यकता पूरा गर्नका निमित्त शोधकर्ता रुम बहादुर के.सी. **"सामुदायिक विद्यालयमा विद्यार्थीको नियमितता"** विषयक शोधपत्र मेरो प्रत्यक्ष निर्देशनमा तयार पारिएको हुनाले आवश्यक मूल्याङ्कनको निमित्त सिफारिस गर्दछु।

..................................

स. प्रा. जयकृष्ण शर्मा

(शोध निर्देशक)

शिक्षा योजना तथा व्यवस्थापन विभाग

सप्तगण्डकी बहुमुखी क्याम्पस

भरतपुर, चितवन

मिति : २०७०-०४-१०

# सप्तगण्डकी बहुमुखी क्याम्पस
SAPTAGANDAKI MULTIPLE CAMPUS
*(Affiliated to T.U. and HSEB, Nepal)*

भरतपुर, चितवन, नेपाल
Bharatpur, Chitwan, Nepal


प.सं./L.No. :
च.नं./Ref.No. :

## शिक्षा योजना तथा व्यवस्थापन विभाग

## स्वीकृति- पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय, सप्तगण्डकी बहुमुखी क्याम्पस, शिक्षा योजना तथा व्यवस्थापन विभाग स्नातकोत्तर तह एम्. एड्. दोस्रो वर्षको आंशिक आवश्यकता परिपूर्तिका लागि विद्यार्थी रुम बहादुर के.सी.द्वारा तयार पारिएको **"सामुदायिक विद्यालयमा विद्यार्थीको नियमितता"** विषयको शोधपत्र मूल्याङ्कन समितिबाट स्वीकृत गरिएको छ ।

## शोध मूल्याङ्कन समिति

| | | |
|---|---|---|
| 1. उप. प्रा. कुवेरनाथ शर्मा | विभागीय प्रमुख | ........................ |
| 2. स. प्रा. जयकृष्ण शर्मा | शोध निर्देशक | ......................... |
| ३ प्रा. ............................ | वाह्य परीक्षक | ........................... |

मिति : २०७०-०४-१०


Tel. : 056-520754, 522558, 523021, Fax : 056-523021, E-mail : saptagandaki@yahoo.com, smc.bharatpur@gmail.com

# कृतज्ञता ज्ञापन

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय शिक्षा योजना तथा व्यवस्थापन विभाग स्नातकोत्तर तह द्वितीय वर्षको पाठ्य भार पूरा गर्नका लागि "सामुदायिक विद्यालयमा विद्यार्थीको नियमितता" शीर्षकमा यो शोधपत्र तयार पारिएको छ ।

यस शोधपत्र तयार गर्दा उद्देश्य अनुरुप पूर्णता प्रदान गर्नका लागि आफ्नो अमूल्य समय खर्चेर शोधपत्रको शुरुदेखि अन्त्यसम्म पूर्णरुपमा सहयोग प्रदान गर्नुहुने आदरणीय गुरु शोध निर्देशक स.प्रा. जयकृष्ण शर्मा ज्यू प्रति आभार प्रकट गर्दछु । त्यसै गरी सप्तगण्डकी बहुमुखी क्याम्पस शिक्षा योजना तथा व्यवस्थापन विभागका विभागीय प्रमुख आदरणीय गुरु उप. प्रा.कुवेरनाथ शर्मा, उप. प्रा. होमनाथ सापकोटा,  उप. प्रा.देनप्रसाद लामिछाने र यस शोधपत्रका लागि सान्दर्भिक पुस्तकहरु उपलब्ध गराएर सहयोग प्रदान गर्नुहुने पुस्तकालयका कर्मचारी लगायत सम्पूर्ण सप्तगण्डकी परिवारप्रति पनि कृतज्ञता व्यक्त गर्दछु । शोधपत्रको तयारीका क्रममा आवश्यक तथ्याङ्क सङ्कलन गर्ने कार्यदेखि लिएर सोधिएका प्रश्नावलीको उत्तर दिएर सहयोग प्रदान गर्नु हुने छनोटमा परेका सम्पूर्ण उत्तरदाताहरुमा कृतज्ञ छु ।

अन्त्यमा यस शोधपत्रलाई शुद्धसँग समयमै टाइप गरेर गरी अन्तिम रुप प्रदान गर्नुहुने न्यू सौरभ फोटो स्टुडियो एण्ड फोटो स्टुडियो  परिवारका भाइ शालिक सापकोटा लगायत शोधपत्रको तयारीका क्रममा प्रत्यक्ष एवम् परोक्ष रुपमा सहयोग पुऱ्याउनु हुने सम्पूर्णमा कृतज्ञता व्यक्त गर्दछु ।

शोधकर्ता

रुम बहादुर के.सी.

# शोध सार

***सामुदायिक विद्यालयमा विद्यार्थी नियमितता*** *नामक शीर्षकमा गरिएको प्रस्तुत शोधपत्रमा विद्यालयमा विद्यार्थी नियमितताको स्थिति पहिचान गर्नु, विद्यार्थीको नियमितता र शैक्षिक उपलब्धि बीचको सम्बन्ध अध्ययन गर्नु, विद्यार्थीलाई विद्यालयमा नियमित हुन प्रभाव पार्ने तत्वहरु पत्ता लगाउनु, जस्ता उद्देश्यमा केन्द्रित गरिएकोछ ।*

*अब्राहम मास्लोको अभिप्रेरणा सम्बन्धी सिद्धान्तलाई आधार मानी गरिएको यस अध्ययन अनुसन्धान मुलतः गुणात्मक ढाँचामा आधारित छ । अध्ययनलाई उद्देश्य अनुसार पूर्णता प्रदान गर्नका लागि  यो अध्ययन दाङ जिल्लाको सिसनिया गा.वि.स., का जम्मा १३ ओटा विद्यालयहरु मध्ये लालमटिया स्रोतकेन्द्र अन्तर्गतका ४ ओटा विद्यालयबाट अभिभाक ४।४ दरले, विद्यार्थी १०।१० का दरले, शिक्षक २।२ का दरले, प्र.अ. १।१, वि.व्य.स. अध्यक्ष १।१ र दुईओटा स्रोतकेन्द्रका स्रोतव्यक्ति १।१ गरी जम्मा ७४ जनालई यो अध्ययनको जनसंख्याको रुपा छनोट गरिएको छ ।*

*विद्यालयमा बालबालिका भर्ना भएर मात्र हुँदैन दिगो सिकाइका लागि विद्यालयमा भर्ना भएर नियमित रुपमा अध्यापन गर्नुका साथै घरमा समेत उनीहरुलाई पढ्नका लागि उचित वातावरण तय हुनु उत्तीकै आवश्यक रहन्छ । बालकको औपचारिक शिक्षाको शुरुवात भनकै विद्यालयबाट हुने भएको हुँदा गुरु गुरुआमाहरुबाटै नै उसले शिक्षा प्राप्त गर्नुका साथै भोलिका दिनमा एउटा सफल मार्ग पहिल्याउने अवसर प्राप्त गर्न सक्दछ । कुनै पनि बालक विद्यालयमा नियमित उपस्थित हुँदैन  भने उसको सिकाइमा पनि प्रत्यक्ष वा परोक्ष रुपमा नकरात्मक असर पर्दै गएको हुन्छ । एउटा बालकलाई नियमित विद्यालयमा आउने वातावरण सृजना गर्नका लागि शिक्षक, अभिभावक, विद्यालय प्रशासन तथा विद्यालय व्यवस्थापन समिति उत्तिकै जिम्मेवार पक्षहरु हुन् । घरबाट बालकका लागि अध्ययन गर्नमका लागि पठाइए पनि*

*विद्यालयमा उचित वातावरण सृजना हुन सक्दैन भने बालकले अध्ययन गर्न नसक्नुका साथै विद्यालय अनुपस्थित हुने, कक्षा छाडने, कक्षा दोहोऱ्याउने समस्या विकराल रुपमा देखा पर्दछन् । यसरी बालबालिकाको दिगो सिकाइका लागि विद्यालयमा निरन्तर उपस्थित हुनु अपरिहार्य रहन्छ  भन्ने कुरा प्रस्तुत शोधपत्रबाट जानकारी प्राप्त भएको छ ।*

*छनोटमा परेका विद्यालयमा छोरा र छोरी बीच लैंगिक विभेद, आर्थिक अवस्थाको अभाव जस्ता कारणहरुले गर्दा भर्ना भएका बालबालिकाहरु आफ्नो अध्ययन कार्यलाई नियमितता दिन नसकेको पाइयो  । छनोटमा परेको अध्ययन स्थलका विद्यालयहरुमा अभिभावकलाई जनचेतना प्रदान गर्नुका साथै शिक्षकले सबै विद्यार्थीलाई समान व्यवहार गर्न सकेको खण्डमा विद्यार्थी नियमिततामा वृद्धि हुने तथ्य प्राप्त भएको छ । विद्यालयमा नियमित उपस्थित हुने विद्यालयका विद्यार्थीहरुको शैक्षिक उपलब्धि पनि राम्रो देखिएको छ । अनुसन्धानकर्ताको अध्ययन अनुसन्धान अनुसार कुनै पनि विद्यार्थी विद्यालयमा नियमित उपस्थित भएर अध्ययन गरेको खण्डमा उसको सिकाइ दिगो हुनुका साथै केवल परीक्षामुखी नभई भोलिका दिनहरुमा पनि प्रभावकारी हुने निष्कर्ष निकालिएको छ ।*

# विषयसूची


सिफारिसपत्र

स्वीकृतिपत्र

कृतज्ञता

शोधसार

## परिच्छेद एक : परिचय

१.१ अध्ययनको पृष्ठभूमि 1

१.२. समस्याको कथन 3

१.३. अध्ययनको औचित्य 4

१.४. अध्ययनको उद्देश्य 6

१.५. अनुसन्धानात्मक प्रश्नहरु 6

१.६. अध्ययनको परिसिमा 6

**परिच्छेद दुई : सम्बन्धीत साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका**

२.१ सम्बन्धीत साहित्यको पुनरावलोकन 8

२.२ अध्ययनको सैद्धान्तिक खाका 15

२.३ शैक्षिक उपादेयता 18

**परिच्छेद तीन :अध्ययन विधि**

३.१ अनुसन्धानको ढाँचा 19

३.२ जनसंख्या र नमुना छनोट 19

३.३ अध्ययनका साधनको निर्माण 20

३.४ तथ्याङ्क सङ्कलनका स्रोतहरू 21

३.५ तथ्याङ्क सङ्कलन विधि 22

३.६ तथ्याङ्कको व्याख्या र विश्लेषण 22

## परिच्छेद चार :तथ्याङ्कको व्याख्या र विश्लेषण

४.१ विद्यालयमा विद्यार्थीको नियमितताको स्थिति 23

४.२ विद्यार्थी नियमितता र शैक्षिक उपलब्धि बीचको सम्बन्ध 33

४.३ विद्यार्थीहरुलाई विद्यालयमा नियमित उपस्थित हुनका लागि प्रभाव पार्ने तत्वहरु 36

४.४ विद्यार्थीलई नियमित विद्यालयमा उपस्थित गराउने विकल्पहरु 41

## परिच्छेद पाँच : प्राप्ति, निष्कर्ष र सुझावहरू

५.१ प्राप्ति 48

५.२ निष्कर्ष 48

५.३ सुझावहरू 51

**सन्दर्भ सूची**

**अनुसूचीहरु**

# परिच्छेद एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

मानव सभ्यताको विकासको क्रमसंगै शिक्षाको प्रारम्भ भएको हो । शिक्षालाई ज्ञान आर्जन गर्ने माध्यमको रुपमा लिईएको छ । शिक्षा विकासलाई हेर्दा मानिसले पार गर्दै आएका एक युगले अर्को युगलाई पाठ सिकाएको पाईन्छ । नेपालको स्थापनाकाल देखि शिक्षाको सुरुवात भई यसको विकास आफ्नै गतिबाट हुदै आएको पाईन्छ । प्राचिन कालमा बाबुले छोरालाई र आमाले छोरीलाई आ-आफ्ना ज्ञान र सीप अनुसारको शिक्षा दिने गर्दथे । प्राचिन नेपालको शिक्षा पूर्णरुपमा गुरुकुल प्रणालीमा आधारित थियो । शिक्षा मानव जिवनको आधारभुत पक्ष हो । राष्ट्रिय विकासको मेरुदण्ड हो । शिक्षा व्यक्तिको विकास र उन्नतिको आधार हो । शिक्षाको माध्यमबाट नै व्यक्तिले आफू बाँचेको संसार र समाज बुझ्ने क्षमता र ज्ञानको भण्डार आर्जन गर्न सक्छ । शिक्षाले मानव जीवनका अवसरहरुलाई बढाउन मद्दत गर्दछ । परिवर्तित समयसँगै व्यक्ति पनि परिवर्तित हुदै जानु पर्ने सर्वमान्य सिद्धान्त अनुरुप शिक्षाले व्यक्तिलाई समायोजन हुन सिकाउछ । त्यसैले शिक्षाले परिवर्तित समय अनुसार व्यक्तिलाई अनुकुल हुन सिकाउछ, (कोइराला २०६१) ।

समयको माग र व्यक्तिहरुको चाहना अनुसार शिक्षाको स्वरुप र विषयवस्तुको ढाँचा पनि परिवर्तन र परिस्कृत हुदै गएको ऐतिहासिक तथ्य छ । गुरुकुल शिक्षामा शिष्य विद्या आर्जन गर्न गुरुको आश्रममा जानु पर्ने, गुरुमा नै शिक्षाको सम्पूर्ण प्रक्रिया निर्भर रहने, कुनै विशिष्ट किसिमको पाठ्यक्रम वा पाठ्यपुस्तक नहुने र संस्कृत भाषाको माध्यमबाट शिक्षा दिने जस्ता प्रचलन रहेको थियो । लिच्छविकालिन शिक्षा प्रणालीमा कला, संस्कृति, साहित्य, वेद, ज्योतिष आदि विषयमा उच्च स्तरको पढाई हुने गरेको अभिलेख पाईन्छ । मानव सभ्यताको

विकासक्रमसँगै शिक्षाको प्रारम्भ भएको मानिन्छ । नेपालमा वि.सं. १९१० सालमा थापाथली दरबारमा स्थापना भएको अंग्रेजी स्कुलदेखि शैक्षिक क्षेत्रलाई व्यवस्थित गर्न धेरै प्रयासहरु भए तर राणाकालमा फस्टाउन सकेन । २००७ सालको परिवर्तन पछि शिक्षामा आधुनिकताको प्रवेश भएको दावि गरिन्छ । २०१४ साल तिर कलेज अफ एजुकेशनको स्थापनासँगै पाठ्यक्रमको निरुपण गर्ने कार्यको थालनी गरिएको थियो । वि.सं. २०२८ को राष्ट्रिय शिक्षा पद्धतिले पाठ्यक्रम निर्माण कार्यलाई क्रमबद्ध र व्यवस्थित गर्ने प्रयास गरेको थियो । नेपालमा शिक्षाको विकास क्रमलाई हेर्ने हो भने जंगबहादुर राणाको बेलायत यात्रा नै शिक्षा विकासको आधार  मान्न सकिन्छ ।

२०६३ सालको १९ दिने जनआन्दोलनको सफलता र लोकतन्त्र गणतन्त्रको स्थापनापछि शिक्षामा झन व्याकपकता आएको छ । हाल देशमा प्राइभेट र सरकारी विद्यालय गरी दुई किसिमको शिक्षा सञ्चालित छन् । वि.सं. २०६० सम्मका वर्षहरुमा सरकारी विद्यालयहरुमा विद्यार्थीको चाप अत्याधिक रहेको थियो । त्यसपछि राज्यद्धारा नै प्राइभेट अंग्रजी माध्यमद्धारा पढाइ हुने बोडिङ्ग-स्कूल खोल्न खुकुलो गरे बमोजिम देशमा अत्याधिक मात्रामा बोडिङ्गहरु स्थापना भएका छन् जसको कारण सरकारी विद्यालयहरुमा विद्यार्थीहरुको संख्या क्रमशः कम हुँदै गएको तथ्य सामुदायिक विद्यालयका भर्ना अभिलेखहरुले  पुष्टि हुन सक्दछ । वैदेशिक रोजगकारको प्रभाव, अंग्रेजी शिक्षाप्रतिको आकर्षण जस्ता कारणहरुले गर्दा सामुदायिक विद्यालयमा विद्यार्थी संख्या न्यून हुनुका साथै अध्यापनरत विद्यार्थीहरु पनि नियमित विद्यालय उपस्थित नहुने जस्ता समस्याहरु दिन प्रतिदिन देखिँदै आएका छन्,  (शर्मा २०६२) ।

समयको विकासक्रमसँगै सामुदायिक विद्यालयले पनि विद्यार्थीहरुलाई आकर्षण गर्नका लागि अंग्रेजी माध्यमबाट अध्यापन, प्राविधिक शिक्षाको व्यवस्थापन गर्दै आएको देखिन्छ भने सरकारी तवरबाट समेत शिक्षामा ठूलो धनराशी खर्चिंदै आइएको छ । सरकारी विद्यालयहरुमा विद्यार्थीहरुलाई कक्षा १ देखि ८ सम्म निःशुल्क शिक्षा दिने व्यवस्था समेत भएको छ । यसरी

सरीकारी तवरबाटै ठूलौ धनराशी शिक्षामा खर्च गरेर गुणस्तरीय शिक्षाका लागि सक्दो कदम चालिएको छ । भने अभिभावकहरुबाट पनि आफ्ना बालबालिकाहरुको शिक्षाका लागि उत्तिकै धनराशी खर्च हुने गरेको देखिन्छ । हाल सामुदायिक विद्यालयमा विार्थीको उस्थिति, शैक्षिक उपलब्धि तथा विद्यार्थीको नियमितता जस्ता कुराहरुको बारेमा जानकारी प्राप्त गर्ने अभिप्रयाले सामुदायि विद्यालयमा विद्यार्थीहरुको नियमितता नामक शीर्षक चयन गरी योअध्ययन अनुसन्धान गरिएको छ ।

## १.२. समस्याको कथन

शिक्षा व्यक्तिको नैसर्गिक अधिकार हो । जब बालक जन्मन्छ उसले घरबाट नै आफ्नो शिक्षा प्रारम्भ गरि रहेको हुन्छ । शिक्षा नै व्यक्तिको व्यवहार परिवर्तन गर्ने प्रमुख साधन भएकाले शिक्षा सर्वसुलभ, निःशुल्क र अनिवार्य हुनु पर्दछ । समयको गतिशिलता र परिवर्तनशिलता सँगै मानव समाज पनि परिवर्तन भइरहेको हुन्छ । त्यसैले समयको आवश्यकता एवं चाहना अनुसार शिक्षाको लक्ष्य र उद्देश्यपनि परिवर्तनशील हुँदै जानु, पर्दछ । एउटा व्यक्ति समय सन्दर्भ अनुसार शिक्षित हुन नसकेमा उसको जीवन नै निरर्थक बन्न पुग्दछ ।

वर्तमान परिवेशमा गुणस्तरीय शिक्षा प्रदान गर्नका लागि नेपाल सरकारबाट उत्तीकै ठूलो धनराशी खर्च भएको छ भने स्थानीय तवरबाट समेत शिक्षालाई बढवा दिएको पाइन्छ । सामुदायिक विद्यालयमा विद्यार्थीसंख्या तथा विद्यार्थी नियमितताकै कुरा गर्ने हो भने वर्तमान परिवेशमा विद्यार्थीसंख्या न्यून हुँदै गएको छ । अझै पनि कतिपय सामुदायिक विद्यालयको एस्.एल.सी. परीक्षाको नतिजालाई नै नियालेर हेर्नेहो भने एक जना विद्यार्थीले पनि परीक्षा उत्तीर्ण गर्न नसकेका यथार्थताहरू हाम्रा सामु छलङ्ग रहेको छ । जबकी शिक्षित मध्ये केही व्यक्तिहरू पनि केवल प्रमाणपत्रमा मात्रै सीमित रहेको अवस्था छ । उनीहरूले आफ्नो योग्यता अनुसारको काम गर्न नसक्ने अवस्थामा छन् भने घरको कमजोर आर्थिक

अवस्थाकै कारण प्राथमिक शिक्षाको तह पूरा नगर्दै विद्यालय छाड्नु पर्ने अवस्था नेपाली परिवेशमा टड्कारो रुपमा देखा पर्दै आएको छ । समाजमा छोरा छोरीलाई हेर्ने दृष्टिकोण, अभिभावकको शैक्षिक अवस्था जस्ता कारणले गर्दा पनि बालबालिकाहरु विद्यालयमा नियमित उपस्थिति हुन सकिरेका छैनन् । यिनै कुरालाई लक्षित गरेर सामुदायिक विद्यालयमा विद्यार्थी नियमितताका समस्याहरु के के छन् ? के हाम्रो देशमा अझै पनि विद्यार्थीहरु नियमित उपस्थिति नहुने विचैमा कक्षा छाड्ने जस्ता समस्याहरु रहेका छन् ? यसरी बालबालिका नियमित विद्यालय उपस्थित हुनका लागि के कस्ता बाधक तत्वहरु रहेका छन् ? सरकारी लगानी अनुसार शिक्षामा उपलब्धि हुन नसक्नुका समस्याहरु के के छन् ? बालबालिकाहरुका विद्यालय उस्थित हुनमा रहेका सामाजिक, आर्थिक, धार्मिक तथा अन्य कारणहरु के के हुन सक्छन् ? भन्ने जस्ता समस्याहरुलाई मुख्य यस अध्ययन अनुसन्धानमा समस्याको कथनका रुपमा अध्ययन गरिएको छ ।

### १.३. अध्ययनको औचित्य

कुनै पनि अध्ययन अनुसन्धान गरिनुको पछाडी आफ्नै प्रकारको औचित्य तथा महत्व हुन्छ । कुनै पनि बालबालिकाको शैक्षिक उपल्बि वृद्धि तथा भोलिका दिनमा उच्च शिक्षा आर्जन गर्नका लागि विद्यालयमा नियमित उपस्थित भएर शिक्षा आर्जन गर्नु आवश्यक रहन्छ । सामुदायिक विद्यालयमा अध्ययन गर्ने बालबालिकाका बाबु आमाहरु आफैमा अशिक्षित भएर, विद्यालयमा शिक्षा अध्यापन गराउने शिक्षकहरु गर्ने अभद्र व्यवहार, आर्थिक कमीकमाजोरी भएर समययमा कमी कलम किन्ने पैसा नहुनु जस्ता विविध समस्याहरुले पनि बालबालिकाहरु विद्यालयमा नियमित उपस्थित हुन नसक्ने अवस्थाहरु सृजना हुन सक्दछन् । आदि कुराहरुले पनि बालबालिकालाई सामुदायिक विद्यालयमा विद्यार्थी नियमितताका समस्याहरु के के छन् ? के हाम्रो देशमा अझै पनि विद्यार्थीहरु नियमित उपस्थिति नहुने विचैमा कक्षा छाड्ने जस्ता समस्याहरु रहेका

छन् ? यसरी बालबालिका नियमित विद्यालय उपस्थित हुनका लागि के कस्ता बाधक तत्वहरु रहेका छन् ? सरकारी लगानी अनुसार शिक्षामा उपलब्धि हुन नसक्नुका समस्याहरु के के छन् ? बालबालिकाहरुका विद्यालय उस्थित हुनमा रहेका सामाजिक, आर्थिक, धार्मिक तथा अन्य कारणहरु के के हुन सक्छन् ? भन्ने जस्ता समस्याहरुको अध्ययन गरी निराकरणका उपायहरु सुझाउन सकेको खण्डमा सामुदायिक विद्यालयमा विद्यार्थी नियमितता केही मात्रामा भए पनि सुधार हुन सक्ने देखिन्छ । यस अध्ययन अनुसन्धानको औचित्यलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

विद्यालयमा बालबालिकालाई के कसरी नियमित उपस्थित गराउने भन्ने बारेमा शिक्षक, तथा विद्यालय प्रशासनका लागि थप सहयोग प्रदान हुनेछ । भोलिका दिनहरुमा यस अध्ययन अनुसन्धानसँग सम्बन्धित रहेर अध्ययन गर्न चाहने अनुसन्धानकर्ताहरुका लागि सन्दर्भ पुस्तकको रुपमा यस काम लाग्ने छ । बालबालिकाको शिक्षामा सहभागिता कम हुनुका मुख्य कारण पत्ता लगाई न्यसको न्यूननीकरण गरेर विद्यालयमा उपस्थित गराउन सरोकारवलालाई सहयोग

पुग्नेछ । भोलिका दिनहरुमा विद्यालयको अनुपस्थिति घटाइ शैक्षिक गुणस्तर वृद्धि गर्न तथा विद्यालयमा विद्यार्थी नियमितताका सम्बन्धमा अध्ययन गर्न चाहने जो कोहीका लागि पनि यो अध्ययन अनुसन्धान उपयोगी सिद्ध हुनेछ ।

**१.४. अध्ययनको उद्देश्य :**

यस अध्ययनका उद्देश्यहरु निम्नलिखित रहेका छन् :

क) विद्यालयमा विद्यार्थी नियमितताको स्थिति पहिचान गर्नु ।

ख) विद्यार्थीको नियमितता र शैक्षिक उपलब्धि बीचको सम्बन्ध अध्ययन गर्नु ।

ग) विद्यार्थीलाई विद्यालयमा नियमित हुन प्रभाव पार्ने तत्वहरु पत्ता लगाउनु ।

घ) विद्यार्थी नियमितता वृद्धि गर्ने उपायहरुको खोजी गर्नु ।

**१.५. अनुसन्धानात्मक प्रश्नहरु :**

यस अध्ययन अनुसन्धानका उद्देश्यहरु निम्नलिखित रहेका छन् :

क) विद्यालयमा विद्यार्थी नियमितताको स्थिति कस्तो छ ?

ख) विद्यालयमा विद्यार्थीको नियमितता र शैक्षिक उपलब्धि बीचको सम्बन्ध के कस्तो रहेको छ ?

ग) विद्यार्थीलाई विद्यालयमा नियमित हुन प्रभाव पार्ने तत्वहरु  के के हुन सक्छन् ?

घ) विद्यार्थीलई नियमित विद्यालयमा उपस्थित गराउने विकल्पहरु के के हुन सक्छन् ?

**१.६. अध्ययनको परिसिमा :**

यस अधययनको उद्देश्य र क्षेत्र व्यापक एवं बिस्तृत भएता पनि समय, साधन र स्रोतको अभावलाई ध्यानमा राखी निम्नानुसारको सिमांकन गरिएको छ ।

प्रस्तुत अध्ययन दाङ जिल्लाको सिसनिया गा.वि.स., का जम्मा १३ ओटा विद्यालयहरु मध्ये लालमटिया स्रोतकेन्द्र अन्तर्गतका ४ ओटा विद्यालयबाट अभिभाक ४।४ दरले, विद्यार्थी १०।१० का दरले, शिक्षक २।२ का दरले, प्र.अ. १।१, वि.व्य.स. अध्यक्ष १।१ र दुईओटा स्रोतकेन्द्रका स्रोतव्यक्ति १।१ गरी जम्मा ७४ जनालई यो अध्ययनको जनसंख्याको रुपा छनोट गरिएको छ ।

यस अध्ययन अनुसन्धानमा विद्यालयमा विद्यार्थी नियमितताको स्थिति पहिचान नर्ग,  विद्यालयमा विद्यार्थीको नियमितता र शैक्षिक उपलब्धि बीचको सम्बन्ध अध्ययन गर्न र विद्यार्थीलाई विद्यालयमा नियमित हुन प्रभाव पार्ने तत्वहरु पत्ता लगाउन शिक्षक, प्र.अ., स्रोतव्यक्ति, विद्यार्थी र अभिभावक हरुलाई  छुट्टाछुट्टै प्रश्नावली तयार पारेर, कक्षा अवलोकन गरेर त्यसैका आधारमा प्राप्त तथ्याङ्कहरुको व्याख्या एवम् विश्लेषण गरिएको छ ।

अवलोकन फाराममा उल्लेख गरिएका शिक्षकका क्रियाकलापका आधारमा प्राप्त तथ्याङ्कको व्याख्या विश्लेषण गरिएको छ ।  अनुसन्धानसँग सम्बन्धीत लेखरचना, पुस्तक, पत्रपत्रिका तथा इमेल इन्टरनेटलाई समेत सम्बन्धित साहित्यको पुनरावलोकनको रुपमा अध्ययन अनुसन्धान गरी गरिएको छ । छनोटमा परेको अध्ययन स्थलमा अनुसन्धानकर्ता प्रत्यक्ष रुपमा उपस्थित भएर अनुसूची अनुसारको तथ्यांक संकलन गरी सोही अनुसार व्याख्या एवम् विश्लेषण गरिएको छ ।

# परिच्छेद दुई

# सम्बन्धीत साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका

कुनै पनि अनुसन्धन कार्यलाई उद्देश्य अनुसार पूर्णरु प्रदान र्गका लागि अनुसन्धानकर्ताले आफ्नो भावना कल्पना तथा मनोगणन्ते ढंगबाट तथ्यांकको व्याख्या एवम् वश्लेषण गरेर मात्र हुँदैन । अध्ययन अनुसन्धानलाई पूर्ण रुप प्रदान गर्नका लागि आज भन्दा अगाडि गरिएका अध्ययन अनुसन्धानहरुलाई पुनरावलोकनको रुपमा अध्यनय अर्नु उत्तीकै आवश्यक देखिन्छ । सोधकर्ताले आफूले रोजेको विषयमा त्यस भन्दा पहिला गरिएका अनुसन्धानहरू लेखहरू, रचनाहरू, पुस्तिका, पत्रपत्रिका, प्रतिवेदन तथा सरकारी तथ्याङ्क तथा बुलेटिनहरूको अध्ययन गर्नुलाई पूर्व सहित्यको पुनरावलोकन भनिन्छ । सामुदायिक विद्यालयमा विद्यार्थी नियमितताका सम्बन्धमा समय समयमा विभिन्न विद्वान तथा वुद्धिजिवीहरुल विविध प्रकारका लेख रचना एवम् पत्रपत्रिका र पुस्तकहरु समेत प्रकाशनमा ल्याएको पाइन्छ । अनुसन्धान कार्यलाई मूर्तरुप प्रदान गर्नका लागि यस अनुसन्धानसँग सम्बन्धित विभिन्न  पत्रपत्रिका लेखरचना, बुद्धिजिवीहरूका भनाइलाई साहित्यको पुनारावलोकनको रूपमा अध्ययन गर्नुका साथै साम्बन्धित सैद्धान्तिक खाका र शैक्षिक उपादेयतालाई समेत  आधार मानेर संकलित तथ्यांकहरुको व्याख्या एवम् विश्लेषण गरिएको छ ।

## २.१ सम्बन्धीत साहित्यको पुनरावलोकन

यस अध्ययन अनुसन्धानसँग सम्बन्धित आज भन्दा अगाडि गरिएका विभिन्न रचनाहरुलाई साहित्यको पुनरावलोकनको रुपमा निम्नानुसार प्रस्तुत गरिएको छ :

विद्यालयमा विद्यार्थी नियमित गराउन विद्यालयको निगरानी नामक शीर्षकमा विद्यालयमा विद्यार्थीलाई नियमित उपरि     राराउनु पर्दछ भन्ने अभिप्रायले लेखिएको लेख अनुसा रघरमा

समयमा भात नपाकेका कारण विद्यालयमा विद्यार्थी उपस्थित हुन नसक्ने तथ्यलाई विश्लेषण गरिएको छ । विद्यालयमा विद्यार्थी नआउनुका कारणको खोजी नगरी बालबालिकालाई मात्र दोस दिंदा उनीहरु विद्यालयप्रति अफ्म नकारात्मक हुने र समाधान पनि ननिस्कने भएकोले विद्यालयले बालबालिका अनुपस्थितिका कारणहरु खोज्नु आवश्यक रहन्छ भन्ने कुरालाई लेखले प्रस्तुत गरेको छ । विशेष गरी प्रा.वि. तहमा विद्यार्थी अनुपस्थितका कारणहरु अभिभावक नै हुन सक्दछन् भन्दै

विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरु मध्येमा पनि विशेष गरी दलित जातिका विद्यार्थी बढी अनुपस्थित हुने, आर्थिक कारणले गर्दा विद्यार्थीहरुले बिचैमा कक्षा छाड्न बाध्य रहनु पर्ने, विद्यार्थीको पहिलो समस्या विद्यालय समयमा खाना तयार नहुने, दोस्रो भाइबहिनीको स्याहार गर्न लगाउने र आफू काममा जाने, तेस्रो बिहे, भोज र पाहुना गएर लामो समय नफर्किने जस्ता कारणले विद्यार्थीको उपसथिति विद्यालयमा घट्न गएको तथ्यलाई प्रस्तुत गर्दै विद्यालयमा बालबालिका आएनन् भन्ने मात्र होइन, किन आएनन्, घरमा के कस्ता समस्याहरु रहेका छन् ? घरबाट अध्ययन गर्न पठाएर पनि बालबालिका बीचमै भूलेर अनुपस्थित हुने गरेका त छैनन् उनीहरुको अनियमितताका बारेमा विद्यालयले समय समयमा निगरानी राख्न सकेको खण्डमा विद्यार्थी नियमितता बढ्न सक्ने तथ्यको समेत लेखले उजागर गरेको छ, (अधिकारी, २०७०) ।

काठमाडौं, भक्तपुर र काभ्रे गरी तीन जिल्लाका प्राथामिक विद्यालयका विद्यार्थीहरुले विद्यालय छाड्ने कारणहरुको सम्बन्धमा गरिएको एक अध्ययन अनुसन्धान अनुसार बिद्यार्थीहरुले विद्यालय छाड्नुका कारणहरु एउटा बिद्यालयबाट अर्को विद्यालयमा स्थान्तरण हुनु, परीक्षामा अनुत्तीर्ण हुनु, पाठ्यपुस्तक खरिद गर्न नसक्नु, विद्यालय समयमा घरमा खाना तयार नहुनु, शिक्षकल विद्यालयमा बढी यातना दिनु, विद्यालयको शुल्क तिर्न नसक्नु, घरको काम गर्नुपर्ने, विरामी र कमजोरी हुनु, विद्यालय घरबाट टाढा हुनु, चाडै चाडै विवाह हुनु जस्ता समस्याहरु हुन सक्छन् भन्दै बालबालिकामा देखिएका यि विविध समस्याको समाधान गर्न सकेको खण्डमा

उनीहरुलाई नियमित विद्यालयमा उपस्थित गराउन सकिनुका साथै शैक्षिक उपलब्धि उकास्नमा सहयोग हुने थ्यको बारेमा व्याख्या एवम् विश्लेषण गरिएको छ, (सिंह, १९७३) ।

सामुदायिक गणस्तर मुद्दा र चालु बहस नामक लेखमा सामुदायिक विद्यालयमा गुणस्तर खस्केको कुराले आजभोलि कोलाहल माच्चाएको छ र संस्थागत विद्यालयमा गुणस्तर सन्तोषजनक रहेको बहु प्रचारित छ । सामुदयिक विद्यालयमा हिजो आज पाइने गरेको गुणस्तर आज संस्थागत स्थानान्तर हुनुको कारण मध्यम वर्गीय सचेत अभिभावकको मन जित्नुका साथै विद्यार्थीलाई आफ्नो विद्यालयप्रति आकर्षण गर्न सकेर नै हो । साथै सामुदायिक विद्यालयमा सामाजिक भावले काम गर्ने हिजोको जागरुक अभिभावक ले पनि आफ्ना बाबु नानीलाई आज संस्थागत विद्यालयमा पठाउने अवस्थ सृजना भएको देखिन्छ, यसो हुँदा भर्ना भएका विद्यार्थी पनि बीचैमा कक्षा छाडेर अन्यत्र भर्ना हुने सम्भावना बढेको तथ्यलाई लेखले प्रष्ट पारेको छ, (सापकोटा २०५९) ।

बोटे जातिका बालबालिकाहरुको विद्यालयमा सहभागिता कम हुनका कारणहरु, जनचेतनाको अभाव, गरिवी, परम्परागत पेशालाई वैज्ञानिकीकरण गर्न नसक्नु, कम उमेरमा विवाह हुनु हो भनी उल्लेख गरिएको छ । साना उमेरका बालबालिकाहरु विद्यालय जाने गरेको घरको काम धन्दा गर्न सक्ने भए पछि घरयासी कामधन्दाले गर्दा विद्यालयमा नियमित उपस्थित हुन नसक्दा बोटे बालबालिकाहरुको शैक्षिक उपलिब्धमा कम भएको तथ्य लेखमा प्रस्तुत गरिएको छ ।  त्यस्तै उनीरुको विद्यालय सहभागितामा सामाजिक, आर्थिक र सांस्कृतिक प्रभावहरुको उल्लेख समेत लेखमा प्रस्तुत गरिएको छ । उक्त शोध अध्ययनमा बोटे बालबालिकाको शैक्षिक सहभागिता वृद्धिगर्ने उपायहरुमा रोजगारीको अवस्था, जनचेतना अभिवृद्धि, छात्रवृत्तिको व्यवस्था गर्नु पर्ने कुराको उल्लेख गरिएको छ । प्राथमिक शिक्षामा बालबालिकाहरुको शिक्षँमा सहभागिताको अध्ययन गर्न क्रममै बालबालिकाको सहभागिता न्यून हुनुमा पढ्ने समयको

अभाव, बाल विवाह, मजदुर, चेतनाको अभाव जस्ता पक्षहरु प्रमुख रहेको हुँदा तिनीहरुको निराकरणका उपायहरु सुझाउनु नै विद्यार्थी नियमितताको प्रमुख कारक हुन सक्दछ भनी व्याख्या एवम् विश्लेषण गरिएको छ, (ज्ञवाली, २०६६) ।

शिक्षामा सुविधा विहीन बालबालिकाको पहुँच नहुनाका कारणहरु र कसरी विद्यालयमा पहुँच वृद्धि गर्न सकिन्छ भन्ने कुराको खोजी गरी ती बालबालिकाको विद्यालयमा निरन्तरता कायम राख्ने भन्ने उपायहरु समेत प्रष्ट पारिएको, सुविधा विहीन समुदायका सामाजिक, परम्परागत, धारणागत र आर्थिक बाधाका कारण उनीहरुको शिक्षा पहुँच कम देखिएको तथ्य समेत लेखमा प्रस्तुत गरिएको छ । घरदेखि विद्यालय धेरै टाढा हुनु, भौतिक पूर्वाधारको कमी हुनु, शिक्षक संख्यामा कमी, सोही समुदायको व्यक्ति शिक्षक नभइ अन्यत्र ठाउँबाट आएका शिक्षकहरुले विद्यार्थीको भावना बुझ्न नसक्नु, शैक्षिक सामग्रीको अभाव जातिअनुसार मधिरापन गर्ने परम्परा, विद्यालयको चर्को शुल्क जस्ता कारणहरुले गर्दा सुविधाविहीन बालबालिका विद्यालयमा जाने रहर भएर पनि विद्यायमा उपस्थित हुन नसकेको, विद्यालयमा भर्ना भएर पनि त्यस्ता बालबालिकाले शिक्षालाई निरन्तरता दिन नसकेका हुँदा सरकारी तवरबाटै उनीहरुका लागि व्यवस्था गरिनु पर्ने कुराको व्याख्या एवम् विश्लेषण लेखमा गरिएको छ, (सेरिड, २०६४) ।

नेपालका केही पिछडिका जातिहरुको सामाजिक आर्थिक अध्ययन नमक शीर्षकमा गरिएको अध्ययन अनुसन्धान अनुसार पुरुष प्रधान हाम्रो देश नेपालमा जातिगत हिसाबले पनि कुमाल जातिका छात्राहरुलाई छात्रहरु सरक विद्यालय पठाउन पर्ने कुरामा अभिभावकहरुले कुनै चासो नदेखाएको कुरालाई व्याख्या एवम् विश्लेषण गर्दै छोरा सरह छोरी पनि विद्यालय जान पाउने अवसरबाट बञ्चित गरिन हुँदैन भन्ने कुराको व्याख्या एवम् विश्लेषण गरिएको छ । यसरी छात्रहरु विद्यालय जानका लागि बाधक रहेको तत्वहरुको पहिचान गरेर समस्या सामधानका उपायहरुमा जातिगत अन्धविश्वास हटाउनु पर्ने, पिछडिएका जातिका लागि लघु परियोजनाको

सञ्चालन गरेर बालबालिकाका अभिभावकहरुलाई शिक्षित गराएमा उनीहरुका छोराछोरीलाई पढ्ने वातावरण बन्ने, अभिभावकहरुले स्कुल पठाउने र स्कुलमा भर्ना भएर नियमित अध्ययन गर्न नजाने बालबालिकाहरु पनि नियमित हुने जस्ता तथ्यको व्याख्या विश्लेषण गर्दै सबैका लागि शिक्षा भन्ने सरकारी नीति अनुसार पिछडिएका जातिहरुलाई पनि विद्यालयमा अनिवार्य उपस्थित भएर नियमित अध्ययन गर्ने वातावरण सृजना गर्नु अपरिहार्य छ भन्ने कुरामा जोड दिइएको छ, (मरहठ्ठा, २०६१) ।

सार्वजनिक विद्यालयमा विद्यार्थीको चाप कम हुनुका कारणहरु नामक शीर्षकमा गरिएको अध्ययन अनुसन्धान अनुसार एउटा सार्वजनिक विद्यालय जो सरकारी अनुदानबाट सञ्चालन भएको अवस्था छ भने अर्को संस्थागत विद्यालय निजि लगानीबाट संचालन भएका छन् । विद्यालय जुन किसिमबाट सञ्चालन भएतापनि दुवैको उद्देश्य गुणस्तरीय शिक्षा प्रदान गर्नु हो । विद्यालय भनेको शिक्षा प्रदान गर्ने औपचारिक संस्था हो । जुन समाजमा स्थापना गरिएको हुन्छ । विद्यालय र विद्यालय शिक्षा प्रति सकारात्मक सोच प्रदान गर्नकोलागि विद्यालयसँग सम्वन्धित हरेक पक्ष उत्तिकै सजग रहनु पर्छ । शिक्षा क्षेत्र त्यस्तो बृहत र गहकिलो क्षेत्र हो , जहाँ समाजको हरेक पक्ष गाँसिएको हुन्छ । अझ भन्ने हो भने एउटा बालकलाई मान्छे बनाउने काम शिक्षाले नै गर्दछ । यस्तो शिक्षाको क्षेत्रलाई एउटा स्वच्छ वातावरणमा हुर्कने मौका दिनु हाम्रो सवैको कर्तव्य हुन आउँछ । हाम्रो देशमा ग्रामीण समुदायको हावी भएको अवस्था छ । केही पहुँचवला व्यक्तिहरुको निजी विद्यालयमा अध्यापन गराउन सक्ने क्षमता भएता पनि धेरैजसो अभिभावकहरु सरकारी विद्यालयमा नै अध्यापन गराउन बाध्य छन् तर शिक्षा अवस्था सरकारी र निजीमा धेरै भिन्नता भएको तथ्यलाई प्रस्तुत शोधपत्रले विश्लेषण गरेको छ । निजी विद्यालयमा अभिभावकह तथा शिक्षकहरुले विद्यार्थीका लागि पढ्ने वातावरण सृजना गर्नुका साथै उनीहरुलाई विद्यालय आउनमा प्रोत्साहन गर्ने गरेको कुराको व्याख्या एवम् विश्लेषण गरिएको छ । यसरी सामुदायिक विद्यालयमा अध्यनय गर्ने बालबालिकाहरुलाई

पनि विद्यालय आउने वातावरण सृजना गरी शिक्षकले सबै बालबालिकालाई समान व्यहार गर्ने र अभिभावकले पनि पढ्ने वातावरण सृजना गर्ने हो भने सामुदायिक विद्यालयमा पनि विद्यार्थी चाप वृद्धि हुन सक्दछ भन्ने कुराको निष्कर्षप्रस्तुत गरिएको छ,
(चौधरी, २०६७) ।

शैक्षिक अनुसन्धन पद्धतिमा खनाल पेशलले उल्लेख गरे अनुसार विद्यालय तहको शिक्षा पूरा नगरी बीचमै विद्यालय छाड्नका कारणहरु दैनिक मजदुरी गनुपर्ने भएर, अनुत्तीर्ण भएर, चाडै विवाह भएर, बढी उमेर भएर , अनियमित कक्षा हुनु, अभिभावक अशिक्षित हुनु, विद्यालय टाढा रहनु र गरिबी हुनुलाई देखाएका छन् । एक रिपोर्टको ढाँचामा अध्ययन गरिएको अध्ययन अनुसन्धानमा विद्यार्थीहमा सामाजिक, आर्थिक तथा मनोवैज्ञानिक कारणले गर्दा विद्यालयमा अनियमित उपस्थिति भएको तथा विद्यालय छाड्ने गरेको कुरालाई स्पष्टसँग विश्लेषण गरिएको छ, ( खनाल, १९९९) ।

सेनेगलको डकारमा अप्रिल २००० मा सम्पन्न World Education Forum ले Dakar Framework for Action on Education for All (DFA FCFA). तयार गरी संलग्न राष्ट्रहरुले आफ्ना देशका उपेक्षित वर्ग, महिला, दलित, जनजाति, अपांग आदिका लागि समेत जो जाहाँ जरुरी बसेको छ, त्यसलई पनि शिक्षाको अवसर प्रदान गर्नुपर्ने स्थिति बनाएर मुख्य उद्देश्यका रुपमा ६ बुँदालाईमा निम्नानुसार प्रस्तुत गरिएको छ ।
शिशु स्याहार कक्षा खोली शिक्षाबाट बन्चितहरुसम्म शिक्षा फैलाउने र विकास गर्ने, सन् २०१५ सम्म सम्पूर्ण बालबालिका विशेष गरी कठीन अवस्थामा परेका जनजातिलाई निःशुल्क अनिवार्य रुपमा गुणस्तरी शिक्षा पुर्‍याउने, हरेक वयस्क र युवाको लागि आवश्यक सिकाइ र जीवनका लागि सीप दिने खालका कार्यक्रम प्रदान गर्ने, विशेष गरी महिला र पिछडिएका वर्गलाई आधारभूत र निरन्तर शिक्षा दिई वयस्कहरुका लागि सन् २०१५ सम्म ५० प्रतिशत उपलब्धि हुने गरी सबैका लागि शिक्षा दिने, लैङ्गिक भेदभाव उन्मूलन गर्ने र प्र.वि. र नि.मा.वि. मा लैङ्गिक

समानता कायम गर्ने, विशेषतः महिलाको लागि गुणस्तरीय शिक्षामा पहुँच पुऱ्याउने, गुणस्तरीय शिक्षाका लागि सम्बद्ध सबै पक्षलाई शैक्षिक प्रक्रिया सवल तुल्याउने ताकि पहिचान र मापन गरिएका सिकाइ उपलब्धि, साक्षरता पेशागत सीप हासिल होऊन् नेपालले समेत देखाएको उक्त प्रतिवद्धता अनुरुप कार्यान्वयन थालनी भएकोले गर्दा अध्ययन क्षेत्रमा पनि छात्रा सहभागिता प्रतिस्पर्धात्मक रुपमा अगाडि बढेको छ, (डकार सम्मेलन, २०००) ।

मेकियावेलिले भनेझै इलाइट समूह र जनसमूह बीच विना भेदभाव समान न्यायप्रणालीको व्यवस्था अध्ययन क्षेत्रमा देखिँदैन । नेपालले समेत देखाएको उपरोक्त प्रतिवद्धता अनुरुप कर्यान्वय थालीन भएता पनि अध्ययन क्षेत्रमा खासै समतामूल शिक्षा लागु भएको पाइएन । अव्राहम मास्लोले हरेक मानिसका आवश्यकताहरु क्रमशः एक आवश्यकता पुरा गरी अर्को आवश्कता पूरा हुँदैनन् भनेझैं अध्ययन क्षेत्रमा पनि अधिकांश छात्राहरु गरिबीको कारण विद्यालय छोडेर बस्नु पर्ने घरधन्दा गर्नुपर्ने, सधैभरी गास, बास र कपासको समस्या भइरहने कारणले गर्दा उनीहरुले पढाइलाई भन्दा कामलाई प्राथमिकता दिएको पाइयो, (वाग्ले र कार्की, २०५७) ।


## २.२ अध्ययनको सैद्धान्तिक खाका

शोध अनुसन्धान कार्यलाई निष्कर्षमा पुऱ्याउन पूर्व स्वीकृत तथ्य वा सिद्धान्तहरुको आधार लिन जरुरी हुन्छ । स्वीकृत भएका तथ्य वा सिद्धान्तमा आधारित कुनै पनि नयाँ तथ्यहरु विश्वासनीय र वास्तविक हुन्छन् । अनुसन्धानबाट पत्ता लगाइएका कुराहरु स्थापित सिद्धान्तहरुबाट प्रमाणित भएकै हुनुपर्दछ । सही र वास्तविक तथ्यहरुको सहयोग बाट नै समस्याको समाधानका उपायहरु पत्ता लगाउन सम्भव हुन्छ ।

अब्राहम मास्लो अभिप्रेरणा सम्बन्धी सिद्धान्त प्रतिपादन गर्ने सिद्धान्तकार हुन् । मानवका मूल आवश्यकताहरु परिपूर्ति हुन सकेको खण्डमा मात्र उसले अन्य कार्यहरु गर्न सक्दछ । शैक्षिक आर्जन गर्नमा होस् या अन्य कुनै पनि क्रियाकलापका लागि उसका मूलभूत आवश्यकता नै परिपूर्ति हुन सकेका छैनन् भने उसले अर्को समस्यासँग जुध्ने वा प्रयत्न नै गर्दैन । अब्राहम मास्लोले सन् 1943 मा मानिसहरू आवश्यकताको श्रृखलाबाट अभिप्रेरित हुने कुरा को विश्लेषण गरेका छन् । सन्तुष्ट हुनको लागि मानिसले खोजिरहेका कुनै मनोवैज्ञनिक अभाव नै उसको आवश्यकता हो र उक्त चाहना, आवश्यकता पूरा गर्नका लागि मानिस उत्प्रेरित हुने गर्दछ । त्यही आवश्यकतालाई महसूस गरी “अभिप्रेरणा सम्बन्धी सिद्धान्त” लाई मास्लोले अगाडि सारेका थिए । सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरु आफ्ना आवश्यकतालाई पूरा गर्न नसक्दा यहाँ बोटे जातिको शैक्षिक अवस्था अध्ययनमा त्यी जातिका आवश्यकता पूरा हुन नसक्दा शिक्षामा सधै पिछाडि परिरहेको सन्दर्भलाई मध्यनजर गरी यही सन्दर्भमा मास्सलोको अभिप्रेरणा सम्बन्धी सिद्धान्तको आधार मानि व्याख्या र विश्लेषण गरिएको छ ।

अब्राहम मास्लोको अभिप्रेरणा सम्बन्धी सिद्धान्तलाई आवश्यकतामा आधारित सिद्धान्त पनि भनिन्छ । यस सिद्धान्त अनुसार मानिस आवश्यकताहरु पुरा गर्न संधै क्रियाशील हुन्छ । उसका प्रसस्त इच्छा र चाहनाहरु हुन्छन् त्यसको परिपूर्ति पश्चात पनि अन्य इच्छा, आवश्यकता र चाहना थप भइरहन्छन् । मानिसका सबै आवश्यकता सधैं पूरा गर्न सम्भव रहन सक्दैन जुन प्राप्ति गर्न मानिस क्रियाशील भइ रहन्छ । मानिसका आवश्यताहरु अनगिन्ति हुन्छन् जसलाई एक निश्चित क्रमबद्धताको आधारमा श्रेणीकरण वा वर्गीकरण गर्न सकिन्छ । मानिस पहिला निम्न स्तरको आवश्यकताको परिपूर्ति गर्न चाहान्छ । तत्पश्चान प्राथमिकता क्रमको आधारमा उच्च स्तरका आवश्यकता तथा चाहनाहरू परिपूर्तिको लागि मानिस उत्प्रेरित हुँदै जान्छ भन्ने धारणा यस सिद्धान्तले उल्लेख गरेको छ । मास्लोले मानिसका आवश्यक- तालाई श्रृखंलाबद्ध रुपमा निम्न अनुसार प्रस्तुत गरेका छन् ।

**मास्लोको अभिप्रेरणा सम्बन्धी सिद्धान्त**




(स्रोतः कोइराला र श्रेष्ठ २०५९)

सामुदायिक विद्यालयका बालबालिकाहरु आफ्ना विविध समस्याले गर्दा विद्यालयमा नियमित उपस्थित भएर अध्ययन गर्न नसकेको अवस्था ववर्तमान परिवेशमा रहेको छ । उनीहरुलाई नियमित विद्यालय आउने वातावरण सृजना गर्नका लागि उनीहरूका आधारभूत आवश्यकताहरू पूरा हुन सकेको खण्डमा मात्र विद्यालयमा आएर अध्ययन गर्न सक्दछन् । हाम्रो जस्तो विकासोन्मुख देशका मानिसहरुमा अझैसमम पनि गास, बास र कपासको आवश्यता समेत परिपूर्तिहुन सकेको छैन । आजभन्दा अगाडिका अध्ययन अनुसन्धानलाई आधार मान्दा सामुदायिक विद्यालयमा भर्ना भएका बालबालिकाहरु घरमा विद्यालय समयमा खाना तयार नहुने, आवश्यक कपी तथा कलमको व्यवस्था अभिभावकबाट नहुने, आफूभन्दा साना भईबहिनीहरुको स्याहारमा घर बस्नुपर्ने जस्ता समस्याहरु उत्तीकै व्याप्त मात्रामा रहेका छन्, यसरी यी विविध समस्याले ग्रस्त बालबालिकाहरु एक दिन विद्यालय गए तीन घर बस्नु पर्ने अवस्था रहेको तथ्य आजभन्दा अगाडिका अध्ययन अनुसन्धानहरुले समेत प्रष्ट पारेको छ, सामुदायिक विद्यालयमा विद्यार्थी नियमितता नामक शीर्षक चयन गरी गरिएको यो अध्ययन अनुसन्धान मास्लोको अभिप्रेरणा सम्बन्धी सिद्धान्तसँग मिल्दोजुल्दो देखिएको हुँदा सोही सिद्धान्तलाई नै यस अध्ययनको सैद्धान्तिक खाकाको रुपमा लिएर अध्ययन अनुसन्धान गरिएको छ ।

## २.३ शैक्षिक उपादेयता

विद्यालयमा विद्यार्थीहरुको नियमित उपस्थित हुन सकेको खण्डमा नै विद्यार्थीको शैक्षिक उपलब्धि वृद्धि हुन सक्दछ । यिनै कुराहरुलाई दृष्टिगत गरी सामुदायिक विद्यालयमा विद्यार्थी नियमितता नामक शीर्षक चयन गरी गरिएको यस अध्ययन अनुसन्धानमा अध्ययन कार्यलाई पूर्णता प्रदान गर्नका लागि अनुसन्धानसँग सम्बन्धित लेख रचना तथा पत्रपत्रिकाहरुलई आधार मानिएको छ । जसको प्रयोगबाट सो अनुसन्धानसँग सम्बन्धित विभिन्न पक्षहरुको सम्बन्धमा जानकारी मिल्नुका साथै अध्ययन अनुसन्धानहरुमा देखिएका कमीकमजोरीहरुलाई सुधार गरेर थप प्रभावकारी र गुणात्मक बनाउनका लागि अनुसन्धानकर्ताका लागि थप सहयोग पुगेको छ । मास्लोको अभिप्रेरणासम्बन्धी सिद्धान्तलाई सैद्धान्तिकखाकाका रुपमा चयन गरी गरिएको यस शोधपत्रमा अध्ययन अनुसन्धानका लागि प्रस्नावली तयार गर्न, छनोट गरिएका प्रश्नावलीको व्याख्या एवम् विश्लेषण गर्न, तथ्यांक संकलनका स्रोतहरुको प्रयोग गर्न छनोटमा परेको अध्ययन स्थलमा अनुसन्धानकर्ता प्रत्यक्ष उपस्थित भएर अध्ययन एवम् अवलोकन गर्नका लागि थप सहयोग मिलेको छ ।

# परिच्छेद तीन
# अध्ययन विधि

कुनै पनि अध्ययन तथा अनुसन्धानलाई उद्देश्य अनुसार पूर्णता प्रदान गर्नका लागि अनुसन्धानको ढाँचा, जनसङ्ख्या र नमुना छनोट प्रक्रिया, तथ्याङ्क सङ्कलन प्रक्रिया र तथ्याङ्कको व्याख्या र विश्लेषणलाई यस परिच्छिेदमा निम्न शीर्षकहरुमा प्रस्तुत  गरिएको छ :

## ३.१ अनुसन्धानको ढाँचा

अनुसन्धान कार्यलई उद्देश्यअनुसार पूर्णरुप दिनका लागि अध्ययन अनुसन्धानको निश्चित सीमा वा ढाँचा भित्र रहेर अध्ययन अनुसन्धान गर्नु आवश्यक रहन्छ । अनुसन्धानको ढाँचा भन्नाले सो अध्ययन अनुसन्धानको प्रकृति के कस्तो रहने, संकलित तथ्यांकहरुलाई के कसरी व्याख्या एवम् विश्लेषण गर्ने भनेर पूर्व निर्धारण गरिएको नियमबद्ध जानकारी हो । यो अध्ययन अनुसन्धालाई उद्देश्य अनुसार पूर्णता दिनको लागि तथ्यांक संकलनका गुणात्मक ढाँचालाई आधार मानिएको छ । अध्ययन अनुसन्धानका क्रममा, विद्यालय अवलोकन, अन्तरवार्ता सूचीका आधारमा सङ्कलित तथ्याङ्कहरूलाई व्याख्या एवम् विश्लेषण गरिएको छ ।

## ३.२ जनसंख्या र नमुना छनोट

कनैु अध्ययन  अनुसन्धानलाई पूर्णता प्रदान गर्नको लागि आवश्यक जनसंख्याको अपरिहार्यता रहन्छ ।  यस अध्ययनको उद्देश्यलाई पूरा गर्न आर्थिक, भौतिक साधन स्रोत समय अभावको कारणले नमुना छनोट विधिको आधारमा प्रस्तावित क्षेत्रको प्रतिनिधित्व हुने गरी अध्ययनको जनसंख्या छनोट गरिएको

यो अध्ययन दाङ जिल्लाको सिसनिया गा.वि.स., का जम्मा १३ ओटा विद्यालयहरु मध्ये लालमटिया स्रोतकेन्द्र अन्तर्गतका ४ ओटा विद्यालयबाट अभिभाक ४।४ दरले, विद्यार्थी १०।१० का दरले, शिक्षक २।२ का दरले, प्र.अ. १।१, वि.व्य.स. अध्यक्ष १।१ र दुईओटा स्रोतकेन्द्रका स्रोतव्यक्ति १।१ गरी जम्मा ७४ जनालई यो अध्ययनको जनसंख्याको रुपमा छनोट गरिएको छ ।

### ३.३ तथ्याङ्क सङ्कलनका स्रोतहरू

यस अनुसन्धानका क्रममा आवश्यक तथ्याङ्क एवम् जानकारी सङ्कलन गर्नका लागि प्राथमिक र द्वितीय स्रोतको परिचालन गरिएको थियो ।

**क) प्राथमिक स्रोत :**

यस अध्ययन तथा अनुसन्धानको क्रममा तथ्याङ्क सङ्कलनको प्राथमिक स्रोतअर्न्तगत अवलोकन फारम तथा अन्तरवार्ता प्रश्नावली विधिलाई आधार बनाइएको छ । जसमा तथ्याङ्क सङ्कलनका लागि सोधकर्ताको प्रत्यक्ष उपस्थितिमा अनुसूचीमा उल्लेख गरिएका अन्तवार्ता प्रश्नावालीहरूका आधारमा तथ्याङ्क सङ्कलन गरिएको थियो ।

**ख) द्वितिय स्रोत :**

द्वितिय स्रोत अन्तर्गत अनुसन्धानसँग सम्बन्धित विद्यालयका अभिलेखहरू, पत्रपत्रिकाहरू, लेख रचनाहरू बुलेटिनहरू, प्रकाशित सोध-पत्रहरू एवम् सम्बन्धित प्रतिवेदनहरूलाई आधार मानि तथ्याङ्क सङ्कलन गरिएको थियो ।

### ३.४ अध्ययनका साधनको निर्माण

अध्ययन कार्यलाई पुर्ण रूपदिन निम्नानुसारका साधनहरूको निर्माण गरी सम्बन्धित विषय विशेषज्ञ तथा शोध निर्देशकको राय सुझाव अनुसार परीमार्जन गरी निम्न अनुसारका अध्ययनका साधनहरूको विश्वसनियता र वैधता स्थापित गर्ने प्रयास गरिएको थियो ।

**क) अर्न्तवार्ता प्रश्नावली :**

यसअर्न्तगत छनोटमा परेका विद्यालयका २० शिक्षक, ८ विद्यार्थी, ४ प्र.अ., स्रोतव्यक्ति, १ गरी जम्मा ३३ जनासँग अनुसन्धानकर्ताले प्रत्यक्ष भेटगरी अनुसूची २-५ सम्मका अर्न्तवार्ता प्रश्नावालीको प्रयोगगरी उनीहरुका काम कर्तव्य र अधिकारका साथै काम गर्दाको अनुभव, समस्या र सुझाव समेतमा आवश्यक जानकारीहरू सङ्कलन गरिएको छ ।

**ख) अवलोकन फारम**

यसअर्न्तगत छनोटमा परेका विद्यालहरुमा विद्यार्थीको नियमित उपस्थिति, कक्षा छाड्ने दर, शैक्षिक उपलब्धि जस्ता कुराहरुको तथ्यांक संकलन गर्दा अनुसूचीमा उल्लेख गरिएको अवलोकन फारमको प्रयोग गरी सूचना सङ्कलन गरिएको थियो जसलाई अनुसूची १ मा उल्लेख गरिएको छ ।

## ३.५ तथ्याङ्क सङ्कलन विधि

प्राथमिक सूचना सङ्कलनका लागि छनोट गरिएका विद्यालयका शिक्षक, प्र.अ., अभिभावक, विद्यालय व्यवस्थापन समिति र विद्यार्थी प्रतिनिधिहरुसँग प्रत्यक्ष भेटघाट गरी अनुसूचीमा उल्लेख गरिएका अर्न्तवार्ता प्रश्नावलीका आधारमा सूचना सङ्कलन गरिएको छ । यो अध्ययन अनुसन्धान विशेष गरी गुणात्मक प्रकृतिको हुने भएको हुँदा खुल्ला अन्तरवार्ता प्रश्नावली प्रयोग गरिएको छ । यस्तै गरी द्वितीय सूचना सङ्कलनका लागि विभिन्न लेखहरू, पत्रपत्रिका, बुलेटिन, सोधपत्रहरू र सम्बन्धित विद्यालयका अभिलेख इ-मेल इन्टरनेटबाट सङ्कलन गरिएको थियो ।

## ३.६ तथ्याङ्कको व्याख्या र विश्लेषण

कुनै पनि अध्ययन अनुसन्धानलाई उद्देश्य अनुसार क्रममा प्राप्त हुने सूचना तथा तथ्याङ्कलाई व्यवहारिक तथा बोधगम्य हुने तवरले व्याख्या एवम् विश्लेषण गरिएको छ । तथ्याङ्क सङ्कलन गर्न प्रयोग गरिएका अनुसन्धानात्मक साधन र प्राप्त तथ्याङ्कको स्वरूपको आधारमा तथ्याङ्कहरूलाई गुणात्मक तरीकाले विशलेषण गरिएको छ । विश्लेषणको क्रममा शोध अध्ययनको उद्देश्य र सिमालाई समेत ख्याल गरी संकलन गरिएको छ । उपलब्ध तथ्याङ्कलाई आवश्यकता अनुसार परीमार्जन गरी वर्णनात्मक तरिकाले व्याख्या र विश्लेषण गरिएको छ ।

# परिच्छेद चार

# तथ्याङ्कको व्याख्या र विश्लेषण

कुनै पनि अध्ययन अनुसन्धानका क्रममा तथ्यांक संकलन गरिसकेपछि त्यसको बिश्लेषण गरी नतिजा प्राप्त गर्नु अर्को एक महत्वपूर्ण कार्य हो । यस अध्ययनमा दाङ जिल्ला अन्तर्गत रहेको पिपरी स्रोतकेन्द्रका चारवटा प्राथामिक विद्यालयमा छात्राहरुको सहभागिता तथा नियमितताको स्थितीलई अध्ययन गर्ने हिसावले उनीहरुको भर्ना, उत्तीर्ण, कक्षाहाजिरी, कक्षा दोहराउने तथा कक्षा छाड्ने अवस्थालाई तुलनात्मक रुपमा अध्ययन गरिएको छ ।

## ४.१ विद्यालयमा विद्यार्थीको नियमितताको स्थिति

यसअन्तर्गत सम्बन्धित विद्यालयहरुमा छात्र तथा छात्राहरुको भर्ना तथा दैनिक उपस्थितिथलाइ तुलनात्मक रुपले अध्ययन गरिएको छ । छात्राहरुको सहभागितालाई पहिचान गर्नको लागि विद्यार्थीहरुको भर्ना तथा हाजिरी विवरणलाई तुलनात्मक रुपमा विभिन्न शीर्षक तथा उप-शीर्षकहरुमा प्रस्तुत गरिएको छ ।

### ४.१.१ विद्यार्थी भर्ना

अध्ययनको क्रममा छात्र तथा छत्राहरुको भर्ना विवरणलाई तुलनात्मक विश्लेषण गर्ने प्रयास गरिएको छ । अध्ययनमा विद्यार्थीहरुको भर्ना विवरण सम्बन्धी तथ्याङ्क संकलनको लागि सर्वेक्षण फारमको प्रयोग गरिएको थियो । उक्त सर्बेक्षण फारममा विद्यालयबाट उपलब्ध विद्यार्थी भर्ना विवरणलाई टिपोट गरि छात्र छात्राहरुको विद्यालयमा भर्ना स्थिति संकलन गरिएको थियो जसलाई निम्नानुसारको तालिकामा प्रस्तुत गरिएको छ ।

| विद्यालयको नाम | कक्षा १ | | कक्षा २ | | कक्षा ३ | | कक्षा ४ | | कक्षा ५ | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | कूल |
| शंकर प्रा.वि. | 49 | 34 | 55 | 38 | 46 | 30 | 41 | 30 | 39 | 25 | 230 | 157 | 387 |
| सरस्वती प्रा.वि | 46 | 44 | 43 | 35 | 34 | 32 | 35 | 36 | 39 | 27 | 197 | 174 | 371 |
| हङ्शेसोर प्रा.वि. | 44 | 39 | 43 | 36 | 41 | 37 | 44 | 38 | 44 | 36 | 216 | 186 | 402 |
| जनज्योति प्रा.वि | 45 | 41 | 48 | 44 | 45 | 36 | 39 | 34 | 36 | 28 | 213 | 183 | 396 |
| कुल जम्मा | 181 | 185 | 189 | 153 | 166 | 135 | 159 | 138 | 158 | 116 | 156 | 700 | 1556 |

स्रोत : विद्यालय विवरण २०६९

तालिका ४.१ लाई हेरी छात्र तथा छात्राहरुको विदालय भर्नालाई तुलनात्मक रुपमा अध्ययन गर्दा शैक्षिक सत्र २०६८/६९ मा जम्मा भर्ना विद्यार्थी मध्ये ४४.९८ प्रतिशत छात्राहरु विद्यालयमा भर्ना भएको देखिन्छ। भने छात्राहरु ५५.०१ प्रतिशत रहेको छ। यसले के देखाउँछ भने प्राथामिक विद्यालयमा छात्राहरुको भर्ना दर छात्रहरुको तुलनामा न्यून रहेको छ । यस तथ्याङ्कलाई अझ प्रष्ट्याउनको लागि तल विस्तृत व्याख्या गरिएको छ । अध्ययन क्षेत्रका विद्यालयहरुमा गरिएको अध्ययनमा छात्राहरुको सहभागितालाई लक्षित गरि विद्यार्थीहरुको भर्ना विवरणसङ्कलन गरी तुलनात्मक रुपमा अध्ययन गरिएको थियो जसअन्तर्गत शंकर प्रा.वि. को विद्यार्थी भर्ना स्थितिलाई हेर्दा कक्ष १ देखि ५ सम्म जम्मा ३८७ विद्यार्थीहरु भर्ना भए मध्ये छात्राहरुको संख्या २३० रहेको छ । जुन ५९.४१ प्रतिशत रहेको छ । भने तुलनात्मक रुपमा

छात्राहरुको संख्या १५७ मात्र रहेको छ जुन ४०.५६ प्रतिशत हुन आउँछ । यसले के सङ्केत गर्दछ भने शंकर प्रा.वि. मा छात्राहरुको सहभागिता न्यून रहेको छ ।

त्यस्तैगरी सरस्वती प्रा.वि.को तथ्याङ्कलाई केलएर हेर्दा शैक्षिक शत्र २०६८/ मा जम्मा ३७१ विद्यार्थी भर्ना भएका मध्ये छात्राहरुको संख्या १९७ रहेको छ जुन ५३.०९ प्रशित हुन आउँछ । भने छात्राहरुको संख्या जम्मा १७४ अर्थात ४६.९० प्रशित रहेको छ । यसले पनि के संकेत गर्दछ भने उक्त विद्यलयमा छात्रा सहभागिता न्यून रहेको
छ ।

हङ्शेसोर प्रा.वि. को तथ्याङ्कलाई हेर्दा २०६८/६९ मा जम्मा विद्यार्थी भर्ना ४०२ जना रहेकोमा २१६ जना छात्राहरु रहेकाछन्। जुन कुल संख्याको ५३.७३ प्रतिशत हुन आउँछ । भने छात्राहरुको संख्या जम्मा १८६ अर्थात ४६.२६ प्रतिशत रहेको छ । यसै क्रममा जनज्योति प्रा.वि.को शैक्षिक बर्ष २०६८/६९ को तथ्याङ्कलाई हेर्दा कूल विद्यार्थी भर्ना ३९६ जना रहेकोमा छात्राहरुको संख्या २१३ अर्थात ५३.७८ प्रतित रहेको पाइन्छ । भने छात्राहरुको संख्या जम्मा १८३ रहेको छ । जुन कुल विद्यार्थी संख्याको ४६.२१ प्रतिशत हुन आउँछ ।

यसरी अध्ययनका क्रममा दाङ जिल्लाका चारवटा विद्यालयहरुमा पुगेर गरिएको यस अध्ययन कार्यले निष्कर्ष छात्राहरुको विद्यालय भर्ना दर कमी रहेको देखियो भने उक्त क्षेत्रमा छात्राहरुलाई विद्यालयमा सहभागि गराउनु हुँदैन भन्ने मनन्यता पनि अभिभवकहरुमा रहेको पाईयो भने अर्काथरी अभिभावकहरको भनाइ छोरीहरुको सानैमा विवाह गरिदिने प्रचलन भएकोले सकभर घरको काम सिकाउने तर्फ उनीहरु लागेको तथा छोरीहरुको शिक्षामा खासै चासो नदिएको पाइयो ।

त्यस्तैगरी विद्यार्थीहरुसँग गरिएको छलफलमा कतिपय छात्राहरुले विद्यालय भर्ना अभियानले गर्दा विद्यालय भर्ना भएको तथा विद्यालय जानको लागि उचित वातावरणको सृजना नगरिदिएको भन्ने पाइयो । आर्थिक अवस्था अत्यन्तै कमजोर भएका कारण कतिपय विद्यार्थीहरुले पोशाक तथा अवश्यक सामग्रीहरु किन्न नसक्ने र पाठ्यपुस्तक समयमा उपलब्ध नहुने नहुनाले पनि विद्यार्थीहरुलाई विद्यालयमा सहभागि गराउन समस्या परेको कुरा शंकर प्रा.वि. का वि.व्य.स. अध्यक्षले बताए ।

### ४.१.२ विद्यार्थी दैनिक उपस्थिति

विद्यालयको विद्यार्थी भर्ना विवरणले मात्र सम्पूण् विद्यार्थीहरु विद्यालयमा उपस्थित भएको भन्न सकिदैन । तसर्थ अध्ययनमा विद्यर्थीहरुको विद्यालयमा उपस्थिति स्थिति पत्तालगाउनको लागि विद्यार्थीहरुको उपस्थितिको स्थिति पत्ता लगाउनको लागि विद्यार्थी हाजिरी विवरण सङ्कलन गरिएको थियो । जस अनुसार विद्यालयमा विद्यार्थीहरु उपस्थित भए नभएको निर्क्यौल गर्न सकयोग पुग्दछ ।

अध्ययनलाई अझ बढि विश्वासनीय बनाउनको लागि विद्यार्थी उपस्थित जाँच्ने अर्को तरिका विद्यार्थीहरुको हाजिरी विवरणलाई हेर्नु हो जसले विद्यार्थी उपस्थिति के कस्तो रहेको छ पत्ता लगाउन सहयोग गर्दछ भने यसबाट छात्र तथा छात्राहरुको विद्यालय उपस्थितिलई समेत तुलनात्मक अध्ययन गर्न सहयोग पुऱ्याउँछ । विद्यार्थीहरुको दैनिक उपस्थिति विवरण विद्यालयगत रुपमा निम्नानुसार प्रस्तुत गरिएको छ ।

## तालिका ४.२ विद्यार्थी दैनिक उपस्थिति

| उपस्थि विवरण | शंकर प्रा.वि. | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | कक्षा | | कक्षा २ | | कक्षा ३ | | कक्षा ४ | | कक्षा ५ | | जम्मा | | |
| | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | कूल |
| उपस्थित ५० दिन भन्दा कम | 3 | 7 | 4 | 4 | 5 | 9 | 1 | 4 | 7 | 6 | 20 | 30 | 50 |
| उपस्थित ५०-१०० दिन) | 4 | 5 | 7 | 9 | 4 | 7 | 6 | 4 | 9 | 9 | 30 | 34 | 64 |
| उपस्थ्ति (१००-१५०) भन्दा बढी | 17 | 8 | 22 | 14 | 9 | 4 | 18 | 14 | 11 | 5 | 77 | 45 | 122 |
| उपस्थित (१५० दिन भन्दा बढी) | 25 | 14 | 22 | 11 | 28 | 10 | 1618 | 12 | 5 | 103 | 48 | 151 | |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **सरस्वती प्रा.वि.** | | | | | | | | | | | | | |
| जम्मा | 49 | 34 | 55 | 38 | 46 | 30 | 41 | 30 | 39 | 25 | 230 | 157 | 387 |
| उपस्थित ५० दिन भन्दा कम | 4 | 7 | 4 | 5 | 4 | 6 | 3 | 4 | 4 | 4 | 19 | 26 | 45 |
| उपस्थित ५०-१०० दिन) | 6 | 7 | 8 | 9 | 5 | 4 | 5 | 6 | 7 | 5 | 31 | 31 | 62 |
| उपस्थित (१००-१५०) भन्दा बढी | 14 | 12 | 12 | 10 | 9 | 9 | 10 | 12 | 12 | 9 | 57 | 52 | 109 |
| उपस्थित (१५० दिन भन्दा बढी) | 22 | 18 | 19 | 11 | 16 | 13 | 17 | 14 | 16 | 9 | 90 | 65 | 155 |
| जम्मा | 46 | 44 | 43 | 34 | 34 | 32 | 35 | 36 | 39 | 27 | 197 | 174 | 371 |
| **हंशेसोर प्रां.वि.** | | | | | | | | | | | | | |
| उपस्थित ५० दिन भन्दा कम | 5 | 5 | 7 | 6 | 7 | 6 | 9 | 7 | 4 | 7 | 32 | 31 | 63 |
| उपस्थित | 5 | 6 | 8 | 9 | 7 | 8 | 11 | 8 | 9 | 9 | 40 | 40 | 80 |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ५०-१०० दिन) | | | | | | | | | | | | | |
| उपस्थ्ति ( १००-१५०) भन्दा बढी | 13 | 10 | 9 | 7 | 11 | 9 | 7 | 9 | 14 | 11 | 54 | 46 | 100 |
| उपस्थित (१५० दिन भन्दा बढी) | 21 | 18 | 19 | 14 | 16 | 14 | 17 | 14 | 17 | 9 | 90 | 69 | 159 |
| जम्मा | 44 | 39 | 43 | 35 | 41 | 37 | 44 | 38 | 44 | 36 | 216 | 186 | 402 |
| **जनज्योति प्रा.वि.** | | | | | | | | | | | | | |
| उपस्थित ५० दिन भन्दा कम | 9 | 13 | 5 | 8 | 9 | 4 | 5 | 4 | 3 | 30 | 38 | 68 | 63 |
| उपस्थित ५०-१०० दिन) | 5 | 6 | 8 | 9 | 10 | 8 | 10 | 7 | 7 | 6 | 40 | 36 | 76 |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| उपस्थ्ति ( १००-१५०) भन्दा बढी | 10 | 11 | 12 | 8 | 11 | 7 | 8 | 9 | 11 | 8 | 52 | 43 | 95 |
| उपस्थित (१५० दिन भन्दा बढी) | 21 | 11 | 23 | 19 | 16 | 12 | 17 | 13 | 14 | 11 | 91 | 66 | 157 |

स्रोत : विद्यालय अभिलेख २०६८/०६९

माथिको तालिका अनुसार विद्यार्थीको विद्यालय हाजिरी विवरणलाई अध्ययन गर्दा ५० अर्थात् १२.९१ प्रतिशत विद्यार्थीहरु ५० दिन भन्दा पनि कम हाजिर भएको पाइन्छ जसमध्ये छात्राहरु ७.७५ प्रतिशत र ५.१६ प्रतिशत छात्राहरु पर्दछन् । त्यसैगरी ५० देखि १०० दिनसम्म मात्र हाजिर हुने विद्यार्थीहर ६४ जना रहेको पाइन्छ जुन कुल विद्यार्थी संख्याको १६.५३ प्रतिशत हुन आउँछ भने जसअन्तर्गत छात्राहरु .७५ प्रतिशत पर्दछ भने७.७५ प्रशित छात्रहरु पर्दछन् । विद्यार्थीहरुको हाजिरी १०० देखि १५० दिनसम्मलाई हेर्द जम्मा ११२ जना अर्थात् ३१.५४ प्रतिशत हाजिर भएको पाइन्छ । जसमध्ये छात्रहरु १९.८९ प्रतिशत रहेका छन् भने छात्राहरु ११.६२ प्रतिशत रहेका छन् । अन्त्यमा १५० भन्दा माथि विद्यालयमा हाजिरी हुने विद्यार्थीहरु १५१ जना रहेको पाइन्छ । जसमध्ये अधिकांश अर्थात् २५.६१ प्रतिशत छात्रहरु पर्दछन् भने छात्राहरुको संख्या न्यून रहेको पाइन्छ जुन संख्यामा जम्मा ४८ रहेको छ भने कूल प्रतिशतको १२.४० प्रतिशत प्रतिशत हुन आउँछ । यसरी तुलनात्मक रुपमा छात्र र छात्राहरुको विद्यालय भर्ना विवरणलई केलाउँदा ५० दिन भन्दा कम र ५० दिन देखि १०० दिनसम्म उपस्थित हुने छात्राहरु छात्रको तुलनामा बढी रहेको पाइन्छ भने १०० देखि १५० दिन तथा १५० दिनभन्दा बढी हाजिर हुने दिनहरुमा छात्रहरु रहेको पाइन्छ । यसले के संकेत गर्दछ भने छात्रहरु प्रायजसो विद्यालयमा नआउने गरेको तथा छात्राहरुको तुलनामा छत्रको शिषालाई अभिभावकहरुले बढी जोड दिएको भन्न सकिन्छ ।

यसरी विद्यार्थीहरुको हाजिरी विवरणलाई केलाउँदा छात्रहरुको विद्यालयमा हाजिरी सन्तोष जनक देखिएता पनि छात्रहरुको अवस्था भने गम्भीर रहेको पाइन्छ । यसरी छात्राहरुलाई विद्यालय शिक्षामा कम सहभागि गरिएको कुरा पनि प्रष्ट हुन्छ ।

विद्यार्थीहरुको हाजिरी विवरणलाई संकलन गर्ने क्रममा सरस्वती प्रा.वि. को हाजिरी विवरणलाई पनि तुलनात्मक रुपमा हेर्दा ५० दिनभन्दा कम हाजिर हुने विद्यार्थीहरु ४५ जना आर्थात् १२.१२ प्रतिशत रहेको पाइन्छ भने जसमध्ये ५.१२ प्रतिशत छात्रहरु रहेका छन् भने

७ प्रतिशत छात्राहरु रहेका छन् । त्यसैगरी १०० देखि १५० दिनसम्म हाजिर हुने विद्यार्थी १०९ जना अर्थात् २९.३८ प्रतिशत रहेकोमा छात्रहरु १५.३६ प्रतिशत रहेका छन् भने छात्राहरु १४.०१ प्रतिशत रहेको पाइन्छ । अन्त्यमा १५० दिनभन्दा बढी हाजिर हुने विद्यार्थीहरु जम्मा १५५ जना जना अर्थात् ४१.७७ प्रतिशत रहेकोमा छात्रहरु २४.२५ प्रतिशत रहेका छन् भने छात्रहरु जम्मा १७.५२ प्रतिशत रहेको देखिन्छ । यसले के संकेत गर्दछ भने विद्यालयको उपस्थिति विवरण छात्राहरुको भन्दा छात्रहरुको राम्रो रहेको देखिन्छ भने छात्राहरु बढी विद्यालय नआउने गरेको तथ्य पनि प्रष्ट हुन्छ । किनभने ५० दिनभन्दा कम र ५० देखि १०० दिनसम्म उपस्थित हुने छात्राहरुको संख्या छात्रहरुको तुलनामा बढी रहेको देखिन्छ भने छात्रहरु १०० देखि १५० दिनभन्दा बढी उपस्थित हुने गरेको तथ्याङ्कले देखाउँछ ।

हङ्शेसोर प्रा.वि.का विद्यार्थीहरुको हाजिरी विवरणलाई तुलनात्मक अध्ययन गर्दा ५० दिनभन्दा कम उपस्थित हुने विद्यार्थीहरु ६३ जना अर्थात १५.६७ प्रतिशत रहेको पाइन्छ ।जस मध्ये छात्रहरु ७.९६ प्रतिशत रहेका छन् भने छात्राहरु ७.७१ प्रतिशत रहेको पाइन्छ । त्यस्तैगरी ५० देखि १०० दिन सम्मको विद्यार्थी हाजिरी विवरणलाई हेर्दा १९.९० प्रतिशत उपस्थित भएको पाइन्छ । जसमध्ये छात्रहरु ९.९५ प्रतिशत रहेका छन् भने छात्राहरु सोहि संख्यामा रहेको देखिन्छ । त्यसैगरी १००-१५० दिनसम्म उपस्थित हुने विद्यार्थीहरुको संख्यालाई हेर्ने हो भने जम्मा १०० जना अर्थात २४.७ प्रतिशत विद्यार्थी १००-१५० दिनसम्म हाजिर भएको पाइन्छ । जसमध्ये ५४जना छात्रहरु अर्थात १३.४३ प्रतिशत रहेकाछन् भने छात्राहरु ११.४४ प्रतिशत अर्थात जम्मा ४६ जना रहेका छन् । त्यस्तैगरी १५० दिनभन्दा बढी हाजिर हुने विद्यार्थीहरुको संख्या १५९ रहेको छ । जसमा छात्रहरु ९० जना अर्थात २२.३८ प्रतिशत रहेका छन् भने ६९ जना अर्थात १७.१६ प्रतिशत रहेकोछ । यसबाट पनी के प्रष्ट हुन्छ भने छात्राहरु थोरै दिन मात्र विद्यालयमा हाजिर हुने गरेका छन् भने त्यसको तुलनामा छात्रहरु बढी उपस्थित भएको पाइन्छ । माथिको विवरणलाई तुलनात्मक रुपमा प्रस्तुत गरिएको छ ।

त्यस्तै यस विषयमा प्रधानाध्यापकसँगको कुराकानीका क्रममा छात्रहरु नै बढी विद्यालयमा उपस्थित हुने गरेको बताए । विद्यार्थीलाई लक्षित गरेर नियमित उपस्थित गराउन विभन्न कर्यक्रमहरु संचालन भएको, छात्रवृत्तिको व्यवस्था गरिएको तथा अभिभावकहरुलाई सचेतनामूलक कार्यक्रमहरुमा सहभागि बनाउने, शिक्षक अभिभावकहरुको भेला गराउने गरेको तरपनि आर्थिक तथा सामाजिक बाध्यताले गर्दा अभिभवकहरुले पनि छात्रालाई विद्यालयमा नपठाउने गरेको बताए भने अहिले यो उपस्थिति पनि सुधारोन्मुख रहेको कुरा बताउनुभयो ।

जनज्योति प्रा.वि.को हाजिरी विवरणलाई तुलनात्मक रुपमा अध्ययन गर्दा ५० दिनभन्दा कम हाजिर हुने विद्यार्थीहरुको संख्या ६८ रहेको छ जुन कूल विद्यार्थी संख्याको १७.१७ प्रतिशत रहेको छ । त्यस्तैगरी छात्रा र छात्रको अनुपातलाई हेर्ना छात्रहरु ७.५७ प्रतिशत रहेकाछन् भने छात्राहरु ९.५९ प्रतिशत रहेका छन् त्यस्तैगरी ५० देखि १०० दिन सम्म विद्यालयमा हाजिर हुनेहरुको विवरणलाई अध्ययन गर्दा जम्मा विद्यार्थीहरु रहेका छन् भने जसमा १०.१० प्रतिशत छात्राहरु छन् भने ९.०९ प्रतिशत छात्राहरु रहेका छन् । यसैगरी १०० देखि १५० दिनसम्म हाजिर हुनेहरु २३.९८ प्रतिशत अर्थात ९५ जना रहेका मध्ये छात्रहरु ५२ जना अर्थात १३.१३ प्रतिशत अर्थात प्रतिशत रहेका छन् भने छात्राहरु जम्मा १०.८५ प्रतिशत अर्थात ४३ जना रहेका छन् । त्यस्तैगरी १५० दिन भन्दा बढी हाजिर हुने विद्यार्थीहरु १५७ जना अर्थात ३९६४ प्रतिशत रहेकोमा छात्रहरु २२.९७ प्रतिशत छन् भने छात्राहरु १६.६६ प्रतिशत रहेकाछन् । यसरी तुलनात्मक रुपमा छात्र र छात्राको उपस्थितीलाई अध्ययन गर्दा १५० दिनभन्दा बढी दिन हाजिर हुने छात्रहरुनै रहेकाछन् भने छात्राहरुको उपस्थिति न्यून देखिएको छ । जसले के पनि संकेत गर्दछ भने अध्ययन क्षेत्रमा छोरीहरुलाई शिक्षामा कम सहभागि गराइउको देखिन्छ भने छोरीहरुलाई नियमित रुपमा विद्यालय नपठाउने कुरा पनि स्पष्ट हुन्छ । छात्र र छात्राको उपस्थितिलाई तुलनात्मक अध्ययन गरी हेर्दा छात्रहरुको शिक्षमा बढी पहुँच तथा नियमितता देखिन आएको छ भने छात्राहरु बढी अनियमित तथा सहभागिता नै कमी रहेको पाईन्छ ।

यसरी मास्लोको अभिप्रेरणा सम्बन्धी सिद्धान्तलाई आधार मानेर गरिएको यस अध्ययन अनुसन्धानमा छनोटमा परेका विद्यालयहरुको दैनिक उपस्थितिका बारेमा जानकारी प्राप्त गर्दा मास्लोकै सिद्धान्त अनुसार छनोटमा परेका विद्यालयमा छात्र भन्दा छात्रको उपस्थिति कम देखियो । मानिसका आवश्यकता असिमित भए पनि एक पछि अर्को आश्यकता परिपूर्ति हुँदै जानु पर्ने कुरालाई छनोटमा परेका विद्यालयका विद्यार्थीहरु उपस्थितिले समेत पुष्टि गरेको छ । छनोटमा परेको अध्ययन स्थलमा  समादायिक विद्यालय भएकै कारण आर्थिक अवस्था कमजोर भएका बालबालिकाले अध्ययन गर्ने, उनीहरुको शारीरिक (गास, बास, कपास) को आवश्यकता नै पुरा हुने नसकेको, त्यसैगरी समाजमा छोरीलई हेर्ने दृष्टिकोण अलि भिन्न भएको, जस्ता कारणहरुले सामुदायिक विद्यालयमा विद्यार्थी उपस्थिति कम भए भएको तथ्य प्राप्त भएको छ ।

## ४.२ विद्यार्थी नियमितता र शैक्षिक उपलब्धि बीचको सम्बन्ध

सिकाइलाई दिगो र प्रभावकारी बनाउनका लागि विद्यार्थी विद्यालयमा नियमित उपस्थित भएर अध्ययन गर्नु आवश्यक रहन्छ । जब विद्यार्थी विद्यालयमा नियमित उपस्थित हुन सक्दैन भने अनुपस्थित दिनमा अध्यापन गराएका कुराहरुका बारेमा उसलाई केही पनि जानकारी हुन सक्दैन, पहिला सिकेका ज्ञानका आधारमा नै सिकाइलाई विस्तार गरिदै लैजाने हुँदा विद्यार्थी अनुपस्थित भएर पाठ अगाडि बढाउँदा अनुपस्थित उपस्थित भएका दिनहरुका पाठ समेत उसलाई बुझ्न असहज हुने, साथी भाइहरुमा समेत राम्रो घुलमिल हुन नसक्ने, आफूलाई हिनताबोधको अनुभव हुने जस्ता समस्याहरु देखा पर्दछन् । फलस्वरुप शैक्षिक उपलब्धै खस्कँदैन जाने हुन्छ । छनोटमा परेका विद्यालयहरुमा विद्यार्थीको नियमितता के कस्तो रहेको छ ? विद्यार्थी नियमितता र शैक्षिक उपलब्धि बीचको सम्बन्ध के छ ? भन्ने कुराको तथ्य प्राप्तिका लागि निम्नानुसारका उपशीर्षकहरुमा विश्लेषण गरिएको छ ।

यसअनतर्गत अध्ययनमा परेका विद्यालयहरुको कक्ष छाड्ने दरलाई अध्ययन गरिएको छ । जसअन्तर्गत अध्ययनको उद्देश्यलाई लक्षित गरी छात्र र छात्राहरुको कक्षा छाड्ने दरको तुलनात्मक अध्ययन कार्य गरिएको छ । छनोटमा परेका विद्यालयहरुको कक्षा छाड्ने दरलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

छनोटमा परेका विद्यालयमा विद्यार्थीको कक्षा छाड्ने दरलई अध्ययन गर्दा विशेषगरी हेर्दा कक्षा छाड्ने दर छात्रहरुको भन्दा छात्रको नै बढी रहेको देखिन्छ । तथ्यांकले देखाए अनुसार जम्मा २३० जना छात्रहरु मध्ये ८ जना अर्थात् ३.४७ प्रतिशत बीचैमा कक्षा छाडेको देखिन्छ भने १५७ जना छात्रहरु मध्ये ९ जना अर्थात् ५.७३ प्रतिशत छात्राले बीचैमा कक्षा छाडेका छन् । यसरी छात्र र छात्राको कक्षा छाड्ने दरमा छात्राहरुको दर नै बढी रहेको देखिन्छ ।

त्यसैगरी सरस्वती प्र.वि.बाट संकलन गरिएको विद्यार्थीहरुको कक्षा छाड्ने दर सम्बन्धी तथ्यांकलाई हेर्दा जम्मा १९७ जना छात्र तथा १७४ जना छात्राहरु विद्यालयमा भर्ना भएको देखिन्छ जसमध्ये ४.५६ प्रतिशत अर्थात् ९ जना छात्रले कक्षा छाडेको देखिन्छ भने ६.३२ प्रतिशत अर्थात् ११ जना छात्राहरुले उक्त शैक्षिक सत्रमा कक्षा छाडेको देखिन्छ । यसरी सरस्वती प्रा.वि.को अभिलेखले पनि के देखाउँछ भने त्यहाँ छात्राहरुको कक्षा छाड्ने दर छात्राहरुको तुलनामा बढी रहको छ । यस सम्बन्धमा विद्यालयका प्र.अ.सँग छात्रहरुको कक्षा छाड्ने दर किन बढी भएको होला भनि गरिएको अन्तरक्रियामा छात्राहरुलाई बढीजसो घरयासी कामकाजमा लगाइने हुनाले त्यसो भएको तथ्य प्राप्त भएको छ ।

अध्ययनका क्रममा हङशेसोर प्रा.वि.का विद्यार्थीहरुको कक्षा छाड्ने दरलाई हेर्दा जम्मा २१६ जना छात्र र १८६ जना छात्राहरु मध्ये २.३१ प्रतिशत अर्थात् ५ जना छात्र बीचैमा कक्षा छाडेको देखिन्छ । तुलनात्मक रुपमा छात्राहरुको कक्षा छाड्ने प्रतिशत छात्रको तुलनामा बढी रहेको छ । अध्ययनका क्रममा जय जनज्योति प्रा.वि.बाट प्राप्त तथ्यांक अनुसार ३.२८ प्रतिशत छात्रहरु तथा ४.३७ प्रतिशत छात्राहरुले बीचैमा कक्षा छाडेको देखिन्छ ।

यसरी विद्यालयमा छात्रहरु भन्दा छात्राहरु बढी अनुपस्थित हुने तथा कक्षा शिक्षिकाहरुले यहाँ छात्रको पढाइलई मात्र महत्व दिने गरेको कारणले गर्दा छात्राहरुले पढाइप्रति ध्यान नर्दिको तथ्य बनाउनु भएको थियो ।

विद्यार्थीहरुको शैक्षिक उपलब्धिलाई मनन गर्नको लागि विद्यार्थीहरुको उत्तीर्ण विवरणलई आधार बनाउनु पर्ने हुन्छ । छनोटमा परेका विद्यालयमा विद्यार्थी नियमितता र शैक्षिक उपलब्धि बीच के कस्तो सम्बन्ध रहेको छ भन्ने कुराको तथ्य पत्ता लगाउनका लागि त्यहाँको शैक्षिक उपलब्धि पहिचान गर्ने उद्देश्यले छनोटमा परेका उत्तरदाताहरुसँग छलफल अन्तरक्रिया गरिएको थियो जसबाट प्राप्त जानकारी अनुसार श्री शंकर प्रा.वि.को विद्यार्थी शैक्षिक उपलब्धि अवस्थाका बारेमा अनुसन्धान कर्ताको प्रत्यक्ष उपस्थितिमा शिक्षक, विद्यार्थी, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, स्रोतव्यक्तिहरुसँग गरिएको छलफल अन्तरक्रियाबाट प्राप्त जानकारी अनुसार जम्मा छात्रहरु मध्ये ९३.७ प्रतिशत तथा छात्राहरु मध्ये ९०.२ प्रतिशत उत्तीर्ण भएका छन् । विद्यार्थीहरुको उत्तीर्णदराकै बारेमा गरिएको अध्ययन अनुसन्धानमा श्री सरस्वती प्रा.वि.मा ९१.६६ प्रतिशत विद्यार्थीहरु उत्तीर्ण भएका छन् भने ९.३४ प्रतिशत मात्र विद्यार्थी उत्तीर्ण भएको तथ्य प्राप्त भएको छ । विद्यार्थीहरुको उत्तीर्ण दरलाई तुलनात्मक रुपमा अध्यय गर्नको लागि श्री हंशेसोर प्रा.वि.को तथ्यांक अनुसार ९६.२२ प्रतिशत छात्र विद्यार्थीले कक्षा उत्तीर्ण गरेका छन् भने छात्रा तर्फ ९२.८७ विद्यार्थी उत्तीर्ण भएका छन् । छनोटमै परेको विद्यालय श्री सरस्वती प्रा.वि.का विद्यार्थीहरुको शैक्षिक विवरणको अध्ययन एवम् अनुसन्धान गर्ने क्रममा ९६.२२ प्रतिशत छात्र र ९२.८९ प्रतिशत छात्राहरु उत्तीर्ण भएका छन् ।

विद्यालयमा विद्यार्थी नियमितता र शैक्षिक उपलब्धि बीच के कस्तो सम्बन्ध रहेको छ भन्ने उद्देश्यलाई दृष्टिगत गरी छनोटमा परेका विद्यालयहरुमा विद्यार्थीको उपस्थिति, कक्षा छाड्ने दर, कक्षा दोहोर्‍याउने तथा विद्यार्थीको शैक्षिक उपलब्धिका बारेमा अनुसन्धानकर्ताले गरेको अध्ययन अनुसन्धान अनुसार कक्षामा नियमित हुने विद्यालयका विद्यार्थीहरुको शैक्षिक उपलब्धि नै बढी देखिन गएको छ भने तुलनात्मक रुपमा छात्र भन्दा छात्रा बढी अनुपस्थित भएको र शैक्षिक उपलब्धि पनि छात्राको नै न्यून रहेको तथ्य अनुसन्धानमा परेका अध्ययन स्थलहरुबाट

जानकारी प्राप्त भएको
छ ।

यसरी मास्लोको अभिप्रेरणा सम्बन्धि सिद्धान्तलाई आधार मानेर गरिएको यस अध्ययन अनुसन्धामा मानिसका विविध आवश्यकता अनुसार आफ्ना आधारभूत आवश्यकताहरु नै परिपूर्ति हुन नसक्दा विद्यार्थीहरु विद्यालय छाड्न बाध्य, अभिभावकले छात्रलाई भन्दा छात्रालाई शिक्षामा कम महत्व दिँदा समयका खाना नपाक्ने, विद्यालय पोषाकको उचित व्यवस्था नहुनु, घरको काम धन्दा जस्ता विविध कुराहरुले गर्दा छनोटमा परेका विद्यालयहरुमा छात्रा विद्यार्थीहरुको नियमितता कम रहेको र शैक्षिक उपलब्धिको अवस्थमा पनि छात्राहरु भन्दा छात्रको राम्रो देखिएकोले नियमित कक्षामा उपस्थित विद्यार्थीहरुको शैक्षिक उपलब्धि नै राम्रो हुने तथ्य प्राप्त भएको छ ।

## ४.३ विद्यार्थी नियमिततामा प्रभाव पार्ने तत्वहरु

अध्ययनकार्य एक गहन र जटिल कार्य पनि हो । कुनै पनि विद्यार्थी विद्यालयमा नियमित रुपमा उपस्थित भएर अध्ययन गर्न पाएमा मात्र त्यसको शैक्षिक उपलब्धिमा पनि वृद्धि हुने देखिन्छ । सामुदायिक विद्यालयमा विद्यार्थी नियमितता नामक शीर्षकमा गरिएको यस अध्ययन अनुसन्धानमा अनुसन्धानकर्ताको प्रत्यक्ष उपस्थितिमा गरिएको अध्ययन अनुसन्धान अनुसार निम्नानुसारको तथ्य प्राप्त भएको छ :

### क) लैंगिक सचेतनाको कमी

हाम्रो देश पुरुष प्रधान समाज हो । हाम्रो समाजमा अझै पनि पुरुषले महिलालाई दवाउने प्रचलन यथावतै रहेको छ । नेपाल सरकारले महिला जागरण अभियानका लागि विविध प्रचार प्रसार गर्नुका साथै शिक्षा क्षेत्रमा महिलालाई प्राथमिकता दिए पनि त्यसको पूर्ण रुपमा कार्यान्वयन भने हुन सकेको छैन । यसरी सामुदायिक विद्यालयमा विद्यार्थी नियमिततामा के कस्ता समस्याहरु देखा परेका छन् भन्ने बारेमा जानकारी प्राप्त गर्नका लागि विद्यालयका

प्र.अ., अभिभावक, शिक्षक , विद्यार्थी तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्षसँग छलफल एवम् अन्तरक्रिया गरिएको थियो । विद्यालयमा बालबालिकाहरु अध्ययन गर्न आउँदा छात्रको तुलनामा छात्राहरुको संख्या अत्यन्त न्यून रहेको, छात्रा विद्यार्थीले अध्ययन कार्यमा पनि खासै चासो नदिने, घरमा काम गर्न परेको हुँदा गृहकार्य समे्त गरेर नआउने, समय समयमा अनुपस्थित हुने जस्ता समस्याहरु रहेको प्र.अ, शिक्षक र विद्यार्थीहरुबाट जानकारी प्राप्त भएको छ । त्यसैगरी विद्यालय व्यवस्थापन समितिका अध्यक्ष एवम् अभिभावकबाट प्राप्त जानकारी अनुसार छोरी भनेका अर्काको कमाइ खाने जात भएको हुँदा उनीहरुलाई जति शिक्षित गराए पनि भोलि अर्काको घरमा जाने र घरयासी काममा नै व्यस्त रहनु पर्ने हुँदा सामान्य साक्षर मात्र बनाए पुग्दछ भन्ने जस्ता तथ्यहरु समेत अनुसन्धानबाट जानकारी प्राप्त भएको छ ।

**ख) कमजोर आर्थिक अवस्था**

छनोटमा परेका विद्यालयहरुमा विद्यार्थीहरुलाई विद्यालयमा नियमित हुनका लागि प्रभाव पार्ने तत्वहरु मध्ये घरमा अभिभावकको आर्थिक अवस्था न्यून रहनु पनि एक प्रभावकारी तत्वका रुपमा रहेको पाइयो । बालबालिकाहरुलाई अध्ययनका लागि विद्यालय भर्ना गरिसकेपछि उनीहरुका लागि आवश्यक शैक्षिक सामग्रीहरु अभिभावकले परिपूर्ति गर्न सकेका छन् कि छैनन ? उनीहरुका आवश्यकताहरु के के छन् ? यसरी अनियमित हुनुमा के कस्ता समस्याहरु रहेका छन् । भन्ने जस्ता बारेमा जानकारी प्राप्त गर्नका लागि अभिभावक तथा विद्यार्थीहरुसँग गरिएको छलफल एवम् अन्तरक्रिया अनुसार घरको आर्थिक अवस्था ज्यादै न्यून रहेको, बाबुनानीहरुलाई विद्यालयमा अध्ययन गर्न पठए घरमा के खाने भन्ने जस्ता समस्याहरु हुने, घरमा साना भाइबैनी हेर्नाका लागि पनि उनीहरुलाई घरमै राख्न परेको, सधै विद्यालयमा पठाएर राम्रो शिक्षा आर्जन गराउने रहर भएर पनि रोक्न बाध्य रहनु परेको तय अभिभावकसँगको छलफलबाट जानकारी प्राप्त भएको छ भने घरमा बाबा आमाले कापी कलम किन्न नसक्ने, विद्यालयको समयमा खाना नपाक्ने जस्ता समस्याको कारणले गर्दा आफूहरु विद्यालयमा नियमित उपस्थित हुन नसकेको तथ्य विद्यार्थीहरुसँगको अन्तरक्रियाबाट जानकारी प्राप्त भएको छ ।

### ग) सामाजिक सुरक्षा नहुनु

विद्यालयमा विद्यार्थी नियमितताका सामाजिक असुरक्षाले पनि उत्तिकै महत्वपूर्ण प्रभाव पारेको तथ्य अनुसन्धानबाट जानकारी प्राप्त भएको छ । विद्यालयमा बालबालिकाहरु किन अनियमित हुन्छन् भन्ने तथ्य प्राप्तिका लागि अनुसन्धानकर्ताको प्रत्यक्ष उपस्थितिमा अनुसूचीमा तयार पारिएका प्रश्नावली तथा अवलोकन फारमका आधारमा गरिएको छलफल, अन्तरक्रिया तथा अनुसन्धानका आधारमा  समय समयमा हुने बन्द हड्ताल, विद्यालय घरदेखि टाढा भएको आउने  ठाउँमा सुनसान हुँदा छोरहरुका लागि सुरक्षाको अभाव हरेको, कतिबेला के हुन्छ भन्ने देशको यो विकराल परिस्थितिमा कसैले बन्दको हल्ला गरिदिए मात्रै पनि विद्यालयमा आफ्‌ बच्चाहरु पठाउन डराउनु पर्ने अवस्थाका कारणले गर्दा गर्द बालबालिकालाई नियमित रुपमा विद्यालय पठाउन नसकेको भन्ने तथ्य अभिभावकबाट जानकारी प्राप्त भएको छ । भने विद्यालय व्यवस्थापन समिति, शिक्षक तथा प्र.अ.बाट प्राप्त जानकारी अनुसार विद्यार्थीहरुका लागि समाजमा रहेको द्वन्द्वमय परिस्थितिकै कारणले गर्दा नियमिततामा प्रभाव पारेको भन्ने कुराको तथ्य समेत अनुसन्धानमा जानकारी प्राप्त भएको छ ।

### घ) मनोरञ्जनपूर्ण वातावरणमा शिक्षकले अध्यापन गराउन नसक्नु

विद्यालयमा विद्यार्थीहरुलाई मनोरञ्जनपूर्ण वातावरणको अभावक कारणले पनि विद्यार्थीहरु नियमित रुपमा उपस्थित हुन नसकेको पाइयो । विद्यालयमा विद्यार्थीहरु अध्ययन गर्दा पूरानै विधिबाट अध्यापन गराउने गरेको, विद्यार्थीहरुलाई विद्यालयमा आएर अध्ययन गर्दा पनि पट्यारलाग्दो वातावरण सृजना हुनुका साथै घोक्ने कण्ठ गर्ने विधिको प्रयोग ले गर्दा नजान्ने विद्यार्थीहरुलाई विद्यालय आउन मन नलाग्ने र विद्याल छाड्ने र अनियमित हुने गरेको पाइयो ।

### ङ) शिक्षकको विभेदपूर्ण व्यवहार

विद्यालयमा विद्यार्थीको नियमित उपस्थितिकपा लागि शिक्षकको विभेदपूर्ण व्यवहारले पनि समस्या सृजना गरेको तथ्य अनुसन्धानका क्रममा विद्यार्थीहरुसँगको छलफल तथा अन्तरक्रियाबाट जानकारी प्राप्त भएको छ । शिक्षकहरुले जान्ने विद्यार्थीलाई बढी प्राथमिकता दिने, नम्र व्यवहार गर्ने र नजान्ने विद्यार्थीका लागि बढी दण्ड सजाय दिनुका साथै उनीहरुको

वास्तै नगर्ने, गृहकार्य समेत नहेरिदिने, अझै पनि शिक्षकहरुले तल्लाजातका विद्यार्थीहरुमा नकरात्मक भाव राख्ने जस्ता व्यवहार अझै पनि समाजमा व्याप्त रहेको हुँदा त्यसस्ता नकरात्मक धारणाको अन्त्य गर्न सकेको खण्डमा विद्यार्थीको नियमितता बढ्ने तथ्य विद्यालय व्यवस्थापन समितिबाट जानकारी प्राप्त भएको ।

**च) व्यवसायिक शिक्षाको अभाव**

विद्यालयमा विद्यार्थी नियमिततामा के कस्ता समस्या देखा परेका छन् त भन्ने कुरालाई लक्षित गरेर विद्यालय व्यवस्थापन समिति, विद्यार्थी, अभिभावक र शिक्षकसँग गरिएको अन्तरवार्ता अनुसार पुरानै परिपाटीको शिक्षा, तथा पढेर भोलिका दिनमा केही पनि काम नलाग्ने भएको हुँदा धरै पढेर के काम सामान्य साक्षर भए पुगिहाल्यो नी भन्ने जस्ता दृष्टिकोणहरुले गर्दा अभिभावकहरुले आफ्ना बाबु नानीलाई शिक्षाप्रति खासै चासो नदिँदा विद्यार्थीहरु नियमित उपस्थित हुन नसकेको तथ्य प्र.अ. र शिक्षक हरुको अन्तरवार्ताबाट जानकारी प्राप्त भएको छ भने विद्यालय जानु भनेको केबल समय विताउनु नै त हो समय हुँदा पो जाने अघिपछि त घरको काम गर्नु परिहाल्यो नी भन्नेजस्ता दृष्टिकोणहरु समेत अभिभावकहरुसँगको अन्तरवार्ताबाट जानकारी प्राप्त भएको छ ।

**छ) अभिभावकको शिक्षाप्रतिको धारणा सकरात्मक नहुनु**

बालबालिकाले सिक्ने प्रमुख थलो भनेको नै घर हो र घरबाट प्रोत्साहन भएमा मात्रै बालकबालिकाहरु विद्यालयमा नियमित उपस्थित भएर शिक्षा आर्जन गर्न सक्दछन् । यसरी सामुदायिक विद्यालयमा विद्यार्थी नियमितता नामक शीर्षकमा गरिएको यस अध्ययन अनुसन्धानमा विद्यालय व्यवस्थापन समिति तथा विद्यालय प्र.अ.सँगको छलफल अन्तरयिक्रया अनुसार घरमा अभिभावकले बालबालिकालाई अध्ययनको लागि उपयुक्त वातावरण सृजना नगरिदिने, कापी कलम नकिनिदिने, आफूहरुले नै खर्च जुटाउनु पर्ने जस्ता समस्याले गर्दा नियमित विद्यालयमा उपस्थित नहुने गरेको तथ्य प्राप्त भएको छ ।

**ज) शारीरिक अस्वस्थता**

छनोटमा परेका विद्यालयहरुमा विद्यार्थी नियमिततामा देखिएका समस्याहरु के के हुन सक्छन् भनी गरिएको अध्ययन अनुसन्धान अनुसार अभिभावक तथा विद्यार्थीहरुसगँ गरिएको छलफल अन्तरक्रियामा कतिपय किशोर अवस्थाका छात्राहरु महिनावारी हुँदा पेटदुख्ने, टाउको दुख्ने जस्ता समस्याले गर्दा विद्यालयमा नियमित उपस्थितहुन नसकेको तथ्य अनुसन्धानबाट जानकारी प्राप्त भएको छ ।

**झ) घर र विद्यालय बीचको दुरी टाढा हुनु**

अध्ययन अनुसन्धानका लागि छनोटमापरेका विद्यालयहरुमा देखिएको प्रमुख समस्याहरु मध्ये घर तथा विद्यालय बीचको दुरी कम हुँदा विद्यालयमा बालबालिकाहरु नियमित उपस्थित हुन असहज हुने तथ्य प्र.अ. तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्षबाट जनकारी प्राप्त भएको थियो । कहिले काँही घरमा खाना खान ढिलो हुने, गाडी कुर्दा कहिने गाडी नै नआउने र त्यसै फर्कन पर्ने जस्ता समस्याहरुले गर्दा विद्यालयमा नियमित उपस्थितभएर अध्यन गर्नका लागि चाहेर पनि आफूहरुले नसकेको तथ्य विद्यार्थीहरुबाट जानकारी प्राप्त भएको छ ।

**ञ) प्रोत्साहनमा कमी**

विद्यालयमा विद्यार्थी सहभागिता र सिकाइ उपलब्धि वृद्धि गर्न राम्रो काम गर्ने विद्यार्थी तथा नियमित उपस्थित हुने विद्यार्थीका लागि प्रोत्साहनको व्यवस्था हुनु आवश्यक रहन्छ । अध्ययन अनुसन्धानका लागि छनोट गरिएका विद्यालयहरुमा कमजोर आर्थिक अवस्थाका कारणले गर्दा नियमित विद्यालयमा आउने विद्यार्थीहरुलाई छात्रवृत्ति कार्यक्रम बाहेक अन्य प्रोत्साहन कार्यक्रम गर्न कठिनाइ भएको सम्बन्धित विद्यालयका प्र.अ. तथा विद्यालय व्यवस्थापन समितिबाट जानकारी प्राप्त भएको छ ।

**ट) शिक्षण सिकाइ मूल्यांकन प्रभावकारी नहुनु**

विद्यालयमा सिकाइ उपलब्धि वृद्धि गर्न शिक्षण सिकाइ प्रक्रिया र मूल्याकन प्रणालीमा समय सापेक्ष सुधार गर्दै लैजनु पर्ने नीति राखे तापनि प्र.अ. र शिक्षकहरुको सक्रियाता नभएको कारण सुधार हुन नसकेको गुनासो सम्बन्धित विद्यालयका वि.व्य.स.का अध्यक्ष र

अभिभावकहरुबाट जानकारी प्राप्त भएको छ । यसरी मूल्यांकन पूरानै परिपाटीको भइदिँदा जान्ने विद्यार्थी तथा कक्षामा टाँठो खालको विद्यार्थी पनि लिखित परिक्षामा कम अंक ल्याउने र पढाइ प्रति ध्यान नदिने जस्ता समस्याले गर्दा विद्यार्थीको नियमिततामा समस्या आएको तथ्य अनुसन्धानबाट जानकारी प्राप्त भएको छ ।

यसरी मास्लोको अभिप्रेरणा सम्बन्धी सैद्धान्तिक खाकालाई आधार मानेर गरिएको यस अध्ययन अनुसन्धानमा बालबालिकाका प्रमुख समस्याहरु नै समाधान हुन नसकेको, सामाजिक सुरक्षा, व्यवक्तिगत सुरक्षा, समयमा खानाका अभाव, कमजोर आर्थिक अवस्था जस्ता विभिन्न आवश्यकताले गर्दा विद्यार्थीहरु विद्यालयमा नियमित उपस्थितिका लागि समस्या रहेको तथ्य अनुसन्धानबाट जानकारी प्राप्त भएको छ ।

## ४.४ विद्यार्थीलई नियमित विद्यालयमा उपस्थित गराउने उपायहरु

अध्ययन तथा अनुसन्धानका क्रममा छनोटमा परेका विद्यालयहरुमा देखिएका कमी कमजोरीहरुलाई निराकरण गरेर के कसरी विद्यालयमा विद्यार्थी नियमितता वृद्धि गर्न सकिन्छ भन्ने बारेमा अन्तरवार्ता प्रश्नावली र समूह छलफलको माध्यमबाट प्राप्त सूचनाका आधारमा विद्यार्थी नियमिततासँग सम्बन्धित समस्या समाधानका विकल्पहरुलाई निम्नानुसार बुँदागत रुपमा प्रस्तुत गरिएको छ :

### क) छोरा छोरी सबैलाई समान व्यवहार हुनु पर्ने

हाम्रो देश पुरुष प्रधान समाज हो । हाम्रो समाजमा अझै पनि पुरुषले महिलालाई दवाउने प्रचलन यथावतै रहेको छ । नेपाल सरकारले महिला जागरण अभियानका लागि विविध प्रचार प्रसार गर्नुका साथै शिक्षा क्षेत्रमा महिलालाई प्राथमिकता दिए पनि त्यसको पूर्ण रुपमा कार्यान्वयन भने हुन सकेको छैन । कसरी विद्यालयमा विद्यार्थी उपस्थित वृद्धि गर्न सकिएला भन्ने कुरालाई दक्षित गरेर विद्यालयका प्र.अ, विद्यालय व्यवस्थान समितिका अध्यक्षसँग गरिएको छलफल अन्तरक्रिया अनुसार छोरी भनेका अर्काको कमाइ खाने जात भएको हुँदा उनीहरुलाई जति शिक्षित गराए पनि भोलि अर्काको घरमा जाने र घरयासी काममा नै व्यस्त

रहनु पर्ने हुँदा सामान्य साक्षर मात्र बनाए पुग्दछ भन्ने जस्ता भावहरु अभिभावकमा रहेको हुँदा सोको अन्त्य गरेर छोरा छोरीलाई समान व्यवहार गर्न सकेको खण्डमा विद्यार्थी नियमिततामा वृद्धि हुने तथ्य प्राप्त भएको छ ।

**ख) आर्थिक अवस्थामा सुधार गर्नु पर्ने**

छनोटमा परेका विद्यालयहरुमा विद्यार्थीहरुलाई विद्यालयमा नियमित हुनका लागि प्रभाव पार्ने तत्वहरु मध्ये घरमा अभिभावकको आर्थिक अवस्था न्यून रहनु पनि एक प्रभावकारी तत्वका रुपमा रहेको पाइयो । आफ्नो आम्दानीको स्रोत कुनै पनि नहुने र ज्याला मजदुरीमा जीवन निर्वाह गर्नु पर्ने भएको हुँदा बाबुनानीलाई विद्यालय पठाउन नसकेको भन्ने जस्ता तथ्यहरु अभिभावकबाट प्राप्त भएको हुँदा अभिभावकहरुलई सीपमूलक कामहरु सिकाएर उनीहरुको आर्थिक अवस्थामा सुधार गर्न सकेको खण्डमा समेत विद्यार्थीको नियमिततामा वृद्धि गर्न सकिने तथ्य प्राप्त भएको छ ।

**ग) सामाजिक सुरक्षाको व्यवस्था गरिनु पर्ने**

विद्यालयमा विद्यार्थी नियमितताका सामाजिक असुरक्षाले पनि उत्तिकै महत्वपूर्ण प्रभाव पारेको तथ्य अनुसन्धानबाट जानकारी प्राप्त भएको छ । अनुसन्धानकर्ताको प्रत्यक्ष उपस्थितिमा अनुसूचीमा तयार पारिएका प्रश्नावली तथा अवलोकन फारमका आधारमा गरिएको छलफल, अन्तरक्रिया तथा अनुसन्धानका आधारमा  समय समयमा हुने बन्द हड्ताल, विद्यालय घरदेखि टाढा भएको आउने  ठाउँमा सुनसान हुँदा छोरीरुका लागि सुरक्षाको अभाव हरेको, कतिबेला के हुन्छ भन्ने देशको यो विकराल परिस्थितिमा कसैले बन्दको हल्ला गरिदिए मात्रै पनि विद्यालयमा आफ्‍ना बच्चाहरु पठाउन डराउनु पर्ने अवस्थाका कारणले बालबालिकाहरुलाई अध्यापन गराउनका लागि सुरक्षाको व्यवस्था प्रबल भएमा देशको अराजकता  तथा सामाजिक विकृति कम गर्न सकेको खण्डमा विद्यालयमा अध्ययन गराउन सहज हुने तथ्य अभिभावकहरुसँगको छलफल अन्तरक्रियाबाट जानकारी प्राप्त भएको छ ।

**घ) मनोरञ्जनपूर्ण वातावरणमा अध्यापन गराउनु पर्ने**

विद्यालयमा विद्यार्थीहरुलाई मनोरञ्जनपूर्ण वातावरणको अभावक कारणले पनि विद्यार्थीहरु नियमित रुपमा उपस्थित हुन नसकेको पाइयो । विद्यालयमा विद्यार्थीलाई नियमित उपस्थित गराउनका लागि मनोरञ्जन पूर्ण वातावरणको सृजना गरी मनोवैज्ञानिक ढंगबाट अध्यापन गराउन सकेको खण्डमा आफूहरुलाई पनि पढ्न आउनका लागि हौसला बढ्ने र नियमित उपस्थित भएर अध्ययन गर्न सकिने तथ्य विद्यार्थीहरुसँगको छलफल तथा अन्तरक्रियाबाट जानकारी प्राप्त भएको छ ।

**ङ) शिक्षकको विभेदपूर्ण व्यवहारको अन्त्य हुनु पर्ने**

विद्यालयमा विद्यार्थीको नियमित उपस्थितिकपा लागि शिक्षकको विभेदपूर्ण व्यवहारले पनि समस्या सृजना गरेको तथ्य अनुसन्धानका क्रममा विद्यार्थीहरुसँगको छलफल तथा अन्तरक्रियाबाट जानकारी प्राप्त भएको छ । शिक्षकहरुले जान्ने विद्यार्थीलाई बढी प्राथमिकता दिने, नम्र व्यवहार गर्ने र नजान्ने विद्यार्थीका लागि बढी दण्ड सजाय दिनुका साथै उनीहरुको वास्तै नगर्ने, गृहकार्य समेत नहेरिदिने, अझै पनि शिक्षकहरुले तल्लाजातका विद्यार्थीहरुमा नकरात्मक भाव राख्ने जस्ता व्यवहारले गर्दा विद्यालयमा विद्यार्थी नियमित उपस्थित हुन नसकेकोहुँदा भएको हुँदात्यस्ता क्रियाकलापको अन्त्य भएको खण्डमा विद्यालय विद्यार्थी नियमित उपस्थित हुने   तथ्य विद्यालय व्यवस्थापन समिति तथा अभिभावकहरु सँगको अन्तरवार्ताबाट जानकारी प्राप्त भएको छ ।

**च) व्यवसायिक शिक्षाको सञ्चालन गरिनु पर्ने**

विद्यालयमा विद्यार्थी नियमिततामा के कस्ता समस्या देखा परेका छन् त भन्ने कुरालाई लक्षित गरेर विद्यालय व्यवस्थापन समिति, विद्यार्थी, अभिभावक र शिक्षकसँग गरिएको अन्तरवार्ता अनुसार पुरानै परिपाटीको शिक्षा, तथा पढेर भोलिका दिनमा केही पनि काम नलाग्ने भएको हुँदा धरै पढेर के काम सामान्य साक्षर भए पुगिहाल्यो नी भन्ने जस्ता दृष्टिकोणहरुले गर्दा अभिभावकहरुले आफ्ना बाबु नानीलाई शिक्षाप्रति खासै चासो नदिँदा विद्यार्थीहरु नियमित उपस्थित हुन नसकेको तथ्य प्र.अ. र शिक्षक हरुको अन्तरवार्ताबाट जानकारी प्राप्त भएको छ

यसरी विद्यालयमा व्यवसायिक शिक्षा सञ्चालन गरेर भोलिका दिनमा काम लाग्ने शिक्षाको अध्यापन गराउन सकेको खण्डमा बालबालिकाहरुलाई अध्ययन कार्यमा प्रोत्साहन भई नियमितता दर वृद्धि हुने समेत छलफलका क्रममा जानकारी प्राप्त भएको छ ।

**छ) अभिभावकको शिक्षाप्रतिको धारणा सकरात्मक हुनु पर्ने**

बालबालिकाले सिक्ने प्रमुख थलो भनेको नै घर हो र घरबाट प्रोत्साहन भएमा मात्रै बालकबालिकाहरु विद्यालयमा नियमित उपस्थित भएर शिक्षा आर्जन गर्न सक्दछन् । यसरी सामुदायिक विद्यालयमा विद्यार्थी नियमितता नामक शीर्षकमा गरिएको यस अध्ययन अनुसन्धानमा विद्यालय व्यवस्थापन समिति तथा विद्यालय प्र.अ.सँगको छलफल अन्तरयिक्रया अनुसार घरमा अभिभावकले बालबालिकालाई अध्ययनको लागि उपयुक्त वातावरण सृजना नगरिदिने, कापी कलम नकिनिदिने, जस्ता समस्याहरु भएको हुँदा अभिभावकलाई शिक्षित बनाएर उनीहरुमा शिक्षाप्रतिको सकरात्मक धारणाको वृद्धि गर्न सकेमा विद्यार्थी नियमितता वृद्धि हुन सक्ने जानकारी प्र.अ.तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्षबाट प्राप्त भएको छ ।

**ज) विद्यालय आउनका लागि आवश्यक साधनको व्यवस्था हुनु पर्ने**

अध्ययन अनुसन्धानका लागि छनोटमापरेका विद्यालयहरुमा देखिएको प्रमुख समस्याहरु मध्ये घर तथा विद्यालय बीचको दुरी कम हुँदा विद्यालयमा बालबालिकाहरु नियमित उपस्थित हुन असहज हुने तथ्य प्र.अ. तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्षबाट जनकारी प्राप्त भएको थियो । भोलिका दिनहरुमा विद्यालय आउनका लागि विद्यालयले नै गाडीको व्यवस्था गरी विद्यार्थीलाई लाने ल्याउने गर्न सकेको खण्डमा विद्यार्थीहरुको नियमिततामा वृद्धि गर्न सकिने तथ्य प्र.अ. तथा विद्यालय व्यवस्थापन समितिबाट जानकारी प्राप्त भएको छ ।

**झ) प्रोत्साहनमा वृद्धि गरिनु पर्ने**

विद्यालयमा विद्यार्थी सहभागिता र सिकाइ उपलब्धि वृद्धि गर्न राम्रो काम गर्ने विद्यार्थी तथा नियमित उपस्थित हुने विद्यार्थीका लागि प्रोत्साहनको व्यवस्था हुनु आवश्यक रहन्छ । अध्ययन

अनुसन्धानका लागि छनोट गरिएका विद्यालयहरुमा कमजोर आर्थिक अवस्थाका कारणले गर्दा नियमित विद्यालयमा आउने विद्यार्थीहरुलाई छात्रवृत्ति कार्यक्रम बाहेक अन्य प्रोत्साहन कार्यक्रम गर्न कठिनाइ भएको हुँदा भोलिका दिनहरुमा बालबालिकालाई विभिन्न पुरस्कारहरु वितरण गर्ने, अभिभावक तथा विद्यार्थीहरुलाई भेला गराई नियमित उपस्थित हुने तथा जहेन्दार विद्यार्थीलाई प्रसम्सा गर्ने जस्ता कार्यहरु गर्न सकेको खण्डमा विद्यार्थीको नियमितता दरमा वृद्धि हुने तथ्य विद्यालयका प्र.अ. तथा विद्यालय व्यवस्थापन समितिबाट जानकारी प्राप्त भएको छ ।

**ट) मूल्यांकन प्रभावकारी हुनु पर्ने**

विद्यालयमा सिकाइ उपलब्धि वृद्धि गर्न शिक्षण सिकाइ प्रक्रिया र मूल्याकन प्रणालीमा समय सापेक्ष सुधार गर्दै लैजनु पर्ने नीति राखे तापनि प्र.अ. र शिक्षकहरुको सक्रियाता नभएको कारण सुधार हुन नसकेको गुनासो सम्बन्धित विद्यालयका वि.व्य.स.का अध्यक्ष र अभिभावकहरुबाट जानकारी  प्राप्त भएको छ । यसरी मूल्यांकन पूरानै परिपाटीको भइदिँदा जान्ने विद्यार्थी तथा कक्षामा टाँठो खालको विद्यार्थी पनि लिखित परिक्षामा कम अंक ल्याउने र पढाइ प्रति ध्यान नदिने जस्ता समस्याले गर्दा विद्यार्थीको नियमिततामा आएको हुँदा  निरन्तर विद्यार्थी मूल्यांकन परिपाटीको प्रयोग गरेर प्रभावकारी ढंगले विद्यार्थीको मूल्यांकन गर्न सकेको खण्डमा विद्यार्थी नियमितताका लागि केही हदसम्म भए पनि सहयोग पुग्न सक्ने तथ्य व्यवस्थापन समितिका अध्यक्ष तथा प्र.अ.हरुको अन्तरवार्ताबाट जानकारी प्राप्त भएको छ ।

यसरी मास्लोको अभिप्रेरणा सम्बन्धी सैद्धान्तिक खाकालाई आधार मानेर गरिएको यस अध्ययन अनुसन्धानमा एक पछि अर्को गर्दै बालबालिकाका समस्याहरुलाई विस्तारै निराकरण गर्दै गएको खण्डमा सिकाइमा पनि उपलब्धि हुनुका साथै विद्यार्थीहरु नियमित उपस्थित हुने र शैक्षिक उपलब्धिमा समेत वृद्धि हुने तथ्य अनुसन्धनबाट जानकारी प्राप्त भएको छ ।

# परिच्छेद पाँच

# प्राप्ति, निष्कर्ष र सुझावहरू

कुनै पनि अध्ययन तथा अनुसन्धानलाई पूर्णता प्रदान गर्नका लागि तथ्याङ्क सङ्कलनका प्राथमिक तथा द्वितीय स्रोतको प्रयोग गरी गरिएको तथ्याङ्कको व्याख्या एवम् विश्लेषण गर्नुका साथै त्यसबाट प्राप्त जानकारीका आधारमा निष्कर्ष निकाल्नुका साथै अध्ययन अनुसन्धानका क्रममा देखिएका कमी कमजोरीहरूलाई औँल्याएर सुधार गर्ने अवसर स्वरूप सुझाव समेत दिनु पर्ने हुन्छ । यसै कुरालाई मध्यनजर गर्दै सामुदायिक विद्यालयमा विद्यार्थी नियमितता नामक शीर्षक चयन गरी गरिएको यस अध्ययन अनुसन्धानमा प्राप्ति, निष्कर्ष र सुझाव गरी निम्नलिखित रूपमा प्रस्तुत गरिएको छ ।

## ५.१ प्राप्ति

अध्ययनका लागि छनोटमा परेका विद्यालयहरुमा छात्रछात्राहरुको सहभागितालाई हेर्दा छनोटमा परेका सबै विद्यालयमा छात्र भन्दा छात्राहरुको उपस्थिति कम रहेको पाइयो । छनोटमा परेका अध्ययन स्थलमा विद्यार्थीको कक्षा छाड्ने दरलाई हेर्दा ५० दिन पनि हाजिर नहुने  विद्यार्थीमा छात्र १०.१, छात्रा ९.०, १०० देखि १५० दिनसम्म हाजिर हुनेमा छात्रा २३.९८ र छात्र १३.१३ गरी क्रमशः छात्रको तुलनामा छात्रा विद्यार्थीहरुको कक्षा छाड्ने दर तुलनात्मक रुपमा बढी रहेको पाइयो । अध्ययनमा परेका विद्यालयहरुको अध्ययन अनुसनधान गर्दा नियमित उपस्थित भएर विद्यालयमा सहभागी हुने विद्यार्थीहरुको तुलनामा विद्यालयमा कम उपस्थित हुने तथा बीचैमा कक्षा छाड्ने विद्यार्थीहरुको शैक्षिक नतिजा खस्कँदो देखिएकोले नियमित अध्ययनले नै शैक्षिक उपलब्धि वृद्धिमा सहयोग पुग्ने तथ्य प्राप्त भएको छ ।

विद्यार्थीहरुको शैक्षिक उपलब्धिको अवस्थालाई हेर्दा कुल ४ ओटा विद्यालयबाट औषतमा ९३.७ प्रतिशत छात्र र ९०.२ प्रतिशत छात्रा विद्यार्थी कक्षा उत्तीर्ण भएका छन् । समग्रमा विद्यार्थीहरुको शैक्षिक उपलब्धि छात्रको भन्दा छात्राको न्यून नै रहेको पाइयो । अभिभावकहरुले छोरा र छोरीलाई गर्ने व्यवहार, आर्थिक अवस्था कमजोर, सामाजिक सुरक्षाको अभाव, अभिभावकको शिक्षाप्रतिको धारणा सकरात्मक नहुनु जस्ता कारणहरुले गर्दा विद्यालयमा विद्यार्थी नियमितता नभएको
पाइयो । छनोटमा परेका विद्यालयमा शिक्षण सिकाएको प्रभावकारी मूल्यांकन नभएकै कारण  विद्यार्थी अनुपस्थित रहेको पाइयो । छनोटमा परेका विद्यालयहरुमा शिक्षक तथा विद्यार्थीहरु बीच सुमधुर सम्बन्ध कायम गरी सिकाइलाई प्रभावकारी बनाउनुका साथै विद्यार्थी नियमितताका लागि प्रयासहरु चालिएको पाइयो ।

अभिभावकलाई सचने गराउन सकेको खण्डमा भोलिका दिनहरुमा केही मात्रामा भए पनि शिक्षामा सुधार आउनुका साथै विद्यार्थीहरु पनि नियमित रुपमा विद्यालयमा उपस्थित भएर अध्ययन गर्ने जानकारी पाइयो ।  भोलिका दिनमा बालबालिकालाई शिक्षा प्रोत्साहन, शिक्षाको विभेदपूर्ण व्यवरको अन्त्य जस्ता क्रियाकलापहरुको अन्त्य गरेर विद्यार्थी नियमितता बढाउनका लागि विद्यालयका अभिभावक, व्यवस्थापन समितिका अध्यक्ष तथा प्र.अ.हरुको धारणा रहेको
पाइयो ।

**५.२ निष्कर्ष**

अध्ययन तथा अनुसन्धानका क्रममा प्राप्त भएको तथ्याङ्लाई गहन रूपमा अध्ययन गरी त्यसको व्याख्या एवम् विश्लेषण गर्नुका साथै प्राप्त तथ्याङ्बाट अनुसन्धानकर्तालाई भएको जानकारीका आधारमा बुँदागत रूपमा प्राप्ति समेत उल्लेख गरिएको छ भने

छनोटमा परेको अध्ययन स्थलमा अवलोकन, सम्बन्धित व्यक्तिहरूसँगको छलफल र अन्तरक्रियाबाट गरिएको यस अनुसन्धानलाई निष्कर्षमा पुऱ्याउने उद्देश्यले अनुसन्धान स्थलबाट भएको प्राप्तिका आधारमा निम्नानुसारको निष्कर्ष निकालिएको छ जसलाई तलका अनुच्छेदहरूमा प्रस्तुत गरिएको छ ।

सामुदायिक विद्यालयमा विद्यार्थीको नियमितताका सम्बन्धमा सम्बन्धमा अध्ययन अनुसन्धान गर्दा छोरा र छोरी बीच हेरिने विभेद पूर्ण व्यवहारकै कारणले गर्दा छोरीलाई भन्दा छोरालाई अभिभावकले अध्यनका लागि बढी प्राथमिकता दिँदा छात्राहरु विद्यालयमा उपस्थ्ति कम मात्रामा भएको, घरमा बाबुनानीहरूका लागि उपयुक्त पढ्ने वातावरणको सृजना गर्नमा धरै जसो अभिभावकहरू पछाडि परेको अवस्था रहेको छ । विद्यालयमा विद्यार्थी नियमित उपस्थित हुन नसक्दा  विद्यार्थीहरूले विद्यालय छाड्ने, पढाइप्रति चासो नदेखाउनेजस्ता समस्याहरू सृजना हुने गरेका छन् भने नियमित विद्यालयमा उपस्थित भएर अध्ययन गर्ने विद्यार्थीहरुको सिकाइ उपलब्धि पनि तुलनात्मक रुपमा वृद्धि हुनुका साथै नियमित उपस्थित भएका बालबालिकाहरु नै पढाइमा अग्रसर रहेका देखिन्छ ।

छनोटमा परेको अध्ययन स्थलको अध्ययन अवलोकन र तथ्याङ्का आधारमा भन्नु पर्दा अभिभावकको कमजोर आर्थिक अवस्थालाई सुधार गर्नु अत्यावस्यक रहेको देखिन्छ । समाजमा चलेका विक्रिती विसंगतीको अन्त्य गरी बालबालिकाहरु ढुक्कसँग विद्यालयमा आएर पढ्ने पाउने वातावरणको सृजना गराउनका लागि सम्बन्धित सारोकारवालाहरु लागि पर्नु पर्ने देखिन्छ । बेलाबेलामा शिक्षक, विद्यार्थी र व्यवस्थापन समिति बीच आपसी सम्बन्ध चिसिन नदिनका लागि समन्वयकर्ताको रूपमा भूमिका निर्वाह गर्नु पनि उत्तीकै आवश्यक रहेको
देखिन्छ । छनोटमा परेको अध्ययन स्थलका प्र.अ., विद्यार्थी, शिक्षक, विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरूसँगको अन्तरक्रियाबाट प्राप्त जानकारी अनुसार नियमित रुपमा

विद्यालयमा उपस्थित बालबालिकाको शैक्षिक उपलब्धि राम्रो हुने निष्कर्षनिकालिएको छ ।

### ५.३ सुझावहरू

अध्ययन तथा अनुसन्धान पश्चात उक्त क्षेत्रमा देखिएका सवल तथा कमीकमजोरीका पक्षहरूलाई समेटी अध्ययन स्थलमा देखा परेका कमी कमजोरीलाई निराकरण गर्नका लागि सम्बन्धित सारोकारवालाहरूका लागि सुझाव समेत प्रस्तुत गर्नु अनुसन्धान कर्ताका मुख्य दायित्व नै हुन जाने हुँदा समग्र अध्ययनको प्राप्ति तथा निष्कर्षको आधारमा सामुदायिक विद्यालयमा यिवद्यार्थी नियमिततालाई प्रभावकारी बनाउनका लागि निम्न अनुसारका सुझावहरू प्रस्तुत गरिएको छ :

#### नीति निर्माण तहका निम्ति

अभिभावक शिक्षित नभएमा उनीहरूको शिक्षाप्रतिको दृष्टिकोण सकारात्मक नहुने सिकाइको उपयुक्त वातावरणको सृजना नगरिदिँदा विद्यार्थी विद्यालयमा नियमित उपस्थित हुन नसक्ने हुँदा अभिभावकलाई दक्ष एवम् अनुभवी व्यक्तिहरूबाट शिक्षाप्रदान गर्ने नीति लिइनु पर्दछ । विद्यालयमा विद्यार्थी नियमित उपस्थित भएमा उनीहरुले शिक्षामा के कस्तो उपलब्धि गर्न सक्नछन् भन्नेबारेमा जानकारी प्रदान गर्ने जिम्मा विद्यालय प्रशासन र शिक्षकहरूलाई दिइएको खण्डमा अभिभावक तथा विद्यार्थीहरुमा शिक्षाप्रतिको आकर्षण बढ्न गई विद्यार्थी नियमित उपस्थितिका लागि उल्लेख्य भूमिका निर्वाह हुने देखिन्छ । विद्यालयमा तल्ला तहहरुबाटै व्यवसायिक शिक्षाको अध्यापन गराउने नीति तय गर्न सकेको खण्डमा भोलीका दिनहरुमा आफूहरुलाई उपोयी हुने हुँदा विद्यार्थीहरु अध्ययनका लागि विद्यालयमा नियमित उपस्थिति हुने देखिन्छ । माथिल्ला कक्षाहरुमा अध्ययनरत विद्यार्थीहरुका लागि पनि निःशुल्क शिक्षा प्रदान गर्ने नीति तय गर्न सकेको खण्डमा कमजोर आर्थिक अवस्था भएका तथा आफैले आय आर्जन गरेर

अध्ययन गर्नु पर्ने अवस्था भएको बालबालिकाहरुका लागि राहत प्रदान भई विद्यालयमा नियमित उपस्थित हुने देखिन्छ ।

**कार्यान्वयन तहका निम्ति**

विद्यालयमा विद्यार्थीको उपस्थित के कस्तो छ ? विद्यार्थीहरु नियमित उपस्थित भएका छन् कि छैनन ? नियमित उपस्थितमा के कस्ता समस्या देखा परेका छन् छ भन्ने विद्यालय प्रशासनले अभिभावकमा जानकारी गराउनका साथै स्रोतकेन्द्रबाट पनि विशेष निगरानी हुनु आवश्यक छ । अभिभावकलाई समय समयमा विद्यालयमा बोलाएर जानकारी प्रदान गर्नुका साथै बालबालिकालाई किन पढाउने र पढेर के हुन्छ ? बालबालिकालाई के कस्तो व्यवहार गर्नु पर्दछ भन्ने बारेमा जानकारी प्रदान हुनु आवश्यक छ । विद्यार्थी अनुपस्थितिमा के कस्ता समस्या रहेको छन्, किन उपस्थ्ति हुँदैनन् र किन विद्यालय छाड्छन् भन्ने बारेमा समय समयमा निरक्षण अनुगमन हुनु आवश्यक छ ।

# सन्दर्भ ग्रन्थ सूची


कोइराला, विद्यानाथ र आचार्य, सुशन (२०६१), *सामाजिक न्यायको सेरोफेरो शिक्षा,* काठमाण्डौ : स्टुडेन्टस, बुक्स पब्लिसर्स एण्ड डिष्ट्रिब्युटर्स ।

खनाल , मुकुन्दमणि (१९९०), *छात्राहरुको कक्षा एक देखि दुईसम्मको उपस्थिति स्थिति* काठमाडौं : स्टुडेन्टस, बक्स पब्लिसर्स एण्ड डिष्ट्रिब्युटर्स ।

चौधरी, बुद्धिप्रसाद (२०६७), *सार्वजनिक विद्यालयमा विद्यार्थी चाप कम हुनाका कारणहरु,* अप्रकाशित स्नातकोत्तर शोधपत्र,सप्तगण्डकी बहुमुखी क्याम्पस, चितवन ।

मरहठ्ठा, डिल्लीराम (२०६१), *शैक्षिक अनुसन्धान पद्धति,* काठमाडौं : विद्यार्थी बुक पब्लिकेशन ।

शर्मा, जयकृष्ण (२०६२), *सामुदायिक एवम् संस्थागत विद्यालयको शैक्षिक व्यवस्थापनमा सरोकारवलाको सहभागिता एक तुलनात्मक अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, सप्तगण्डकी बहुमुखी क्याम्पस, चितवन ।

सापकोटा, रमाकान्त (२०५९), *विद्यालय समुदायमा हस्तान्तरण कति ठिक कति बेठिक ?,* गोष्ठिमा प्रस्तुत अवधारणा पत्र ।

सिंह, मृगेन्द्रलाल (१९७३), *नेपालको शैक्षिक बर्बादी,* काठमाडौं : महेन्द्ररत्न क्याम्पस ।

सेरिड (२०६४), *विकासका निम्ति शिक्षा,* काठमाडौं : त्रिभुवन विश्वविद्यालय ।

ज्ञवाली, भरतराज, (२०६३), *प्राथमिक शिक्षामा बोटेजातिका बालबालिकाको सहभागिताको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र त्रि.वि., काठमाडौं ।

# सामुदायिक विद्यालयमा  विद्यार्थीहरुको नियमितता

अनुसूची १

अवलोकन फारम

## विद्यार्थी शैक्षिक उपलब्धि विवरण

विद्यालयको नाम : ........................................... शैक्षिक सत्र :

| कक्षा | जम्मा विद्यार्थी भर्ना | परीक्षामा सम्मिलित | उत्तीर्ण संख्या | अनुत्तीर्ण संख्या |
|---|---|---|---|---|
| 1 | | | | |
| 2 | | | | |
| 3 | | | | |
| 4 | | | | |
| 5 | | | | |

सम्मिलित संख्या ................ उत्तीर्ण संख्या : .......... उत्तीर्ण प्रतिशत :.........

विद्यार्थी भर्ना, अनुपस्थिति, कक्षा छाड्ने र कक्षा दोहोऱ्याउने विवरण

| कक्षा | जम्मा विद्यार्थी भर्ना | उपस्थिति | कक्षा छाड्ने संख्या | कक्षा दोहोऱ्याउने संख्या |
|---|---|---|---|---|
| 1 | | | | |
| 2 | | | | |
| 3 | | | | |
| 4 | | | | |
| 5 | | | | |

# सामुदायिक विद्यालयमा विद्यार्थीहरुको नियमितता

## अनुसूची २

### शिक्षकहरुका लागि प्रश्नावली

नाम : तालिम :

शैक्षिक योग्यता : शिक्षण अनुभव :

विद्यालय :

क) यहाँले शिक्षण पेशामा सेवा गर्दै आउनु भएको कति वर्ष भयो ?

..........................................................................................

ख) तपाईंको विद्यालयमा विद्यार्थी नियमितता कस्तो पाउनु भएको छ ?

..........................................................................................

ग) विद्यार्थी नियमिततामा छात्र तथा छात्रा कसको प्रतिशत बढी रहेको छ ?

..........................................................................................

घ) विद्यालयमा विद्यार्थीको नियमितताले विद्यार्थीको शैक्षिक उपलब्धिमा के कस्तो प्रभाव पार्ला ?

..........................................................................................

ङ) विद्यार्थीहरुलाई नियमित विद्यालयमा उपस्थित हुनका लागि के कस्ता समस्याहरु रहेका छन् ?

..........................................................................................

च) विद्यालयमा शिक्षकले विद्यार्थीहरुलाई गर्ने व्यवहार के कस्तो रहेको छ ?

..........................................................................................

छ) विद्यार्थीलाई नियमित विद्यालयमा उपस्थित गराउनका लागि शिक्षकको तर्फबाट यहाँको कस्तो भूमिका रहेको छ ?

..........................................................................................

ज) भोलिका दिनहरुमा विद्यार्थी नियमिततामा देखिएका समस्यालाई निराकरण गर्न के कस्ता कार्यहरु गर्नु आवश्यक छ ?

# सामुदायिक विद्यालयमा विद्यार्थीहरुको नियमितता

## अनुसूची ३

## प्र.अ.का लागि प्रश्नावली

नाम : योग्यता :

तह : विद्यालय :

क) यहाँले शिक्षण पेशामा सेवा गर्दै आउनु भएको कति वर्ष भयो ?

.........................................................................................

ख) तपाइँको विद्यालयमा विद्यार्थी नियमितता कस्तो छ ?

.........................................................................................

ग) विद्यार्थी नियमिततामा छात्र तथा छात्रा कसको प्रतिशत बढी रहेको छ ?

.........................................................................................

घ) विद्यालयमा विद्यार्थीको नियमितताले विद्यार्थीको शैक्षिक उपलब्धिमा के कस्तो प्रभाव परेको छ ?

.........................................................................................

ङ) विद्यार्थीहरुलाई नियमित विद्यालयमा उपस्थित हुनका लागि शिक्षक तथा विद्यार्थीका के कस्ता समस्याहरु रहेका छन् ?

.........................................................................................

च) विद्यालयमा शिक्षकले विद्यार्थीहरुलाई गर्ने व्यवहार के कस्तो रहेको छ ?

.........................................................................................

छ) विद्यार्थीलाई नियमित विद्यालयमा उपस्थित गराउनका लागि प्र.अ.को तर्फबाट यहाँको कस्तो भूमिका रहेको छ ?

.........................................................................................

ज) भोलिका दिनहरुमा विद्यार्थी नियमिततामा देखिएका समस्यालाई निराकरण गर्न के कस्ता कार्यहरु गर्नु आवश्यक छ ?

# सामुदायिक विद्यालयमा विद्यार्थीहरुको नियमितता

## अनुसूची ४

## अभिभावक लागि प्रश्नावली

नाम : पेशा : ठेगाना

क) तपाईंले आफ्ना बाबुनानीहरुलाई नियमित विद्यालय पठाउने गर्नु भएको छ ?

...............................................................................................

ख) बालबालिकालाई विद्यालयमा नियमित अध्ययन गर्न पठाउनका लागि के कस्ता समस्याहरु रहेका छन् ?

...............................................................................................

ग) बालबालिकाले अध्ययन गर्नका आवश्यक शैक्षिक सामग्रीहरुको उपलब्ध गराउने गर्नु भएको छ ?

...............................................................................................

घ) तपाईंको बच्चाले घरमा पढ्न मन गर्छ कि गर्दैन ?

...............................................................................................

ङ) विद्यार्थीको नियमित उपस्थितिले बालबालिकाको शिक्षामा कस्तो प्रभाव पार्ला ?

...............................................................................................

च) विद्यालयमा कस्तो वातावरणको सृजना भएको खण्डमा बालबालिकाहरु नियमित विद्यालय जान मन गर्दछन् ?

...............................................................................................

छ) विद्यार्थीलाई नियमित विद्यालयमा उपस्थित गराउनका लागि अभिभावकको तर्फबाट यहाँको कस्तो भूमिका रहेको छ ?

...............................................................................................

ज) भोलिका दिनहरुमा विद्यार्थी नियमिततामा देखिएका समस्यालाई निराकरण गर्न के कस्ता कार्यहरु गर्नु आवश्यक छ ?

# सामुदायिक विद्यालयमा विद्यार्थीहरुको नियमितता

## अनुसूची ५

### विद्यालय व्यवस्थापन समितिका अध्यक्षका लागि प्रश्नावली

नाम : विद्यालय :

क) यहाँले विद्यालय व्यवस्थापनको अध्यक्ष पदमा रहेको कार्य गर्नु भएको कति वर्ष भयो ?

.....................................................................................

ख) तपाईको विद्यालयमा बालबालिकाहरु नियमित विद्यालयमा आउने गरेका छन् ?

.....................................................................................

ग) नियमित विद्यालयमा आउने र नआउने विद्यार्थीको शैक्षिक अन्तर के कस्तो रहेको छ ?

.....................................................................................

घ) विद्यालयमा विद्यार्थीलाई नियमित उपस्थित गराउनका लागि समय समयमा अभिभावक, शिक्षक तथा विद्यार्थीको भेला गराइ छलफल अन्तरक्रिया हुने गरेका छन् ?

.....................................................................................

ङ) विद्यार्थीको नियमित उपस्थितिले बालबालिकाको शिक्षामा कस्तो प्रभाव पार्ला ?

.....................................................................................

च) विद्यालयमा कस्तो वातावरणको सृजना भएको खण्डमा बालबालिकाहरु नियमित विद्यालय जान मन गर्दछन् ?

.....................................................................................

छ) विद्यार्थीलाई नियमित विद्यालयमा उपस्थित गराउनका लागि यहाँको कस्तो भूमिका रहेको छ ?

.....................................................................................

ज) भोलिका दिनहरुमा विद्यार्थी नियमिततामा देखिएका समस्यालाई निराकरण गर्न के कस्ता कार्यहरु गर्नु आवश्यक छ ?

# सामुदायिक विद्यालयमा विद्यार्थीहरुको नियमितता

## अनुसूची ६

## विद्यार्थीका लागि प्रश्नावली

क) तिमी कति कक्षामा अध्ययन गर्दछौ ?

...........................................................................................

ख) विद्यालयमा नियमित उपस्थित हुने गरेका छौं ?

...........................................................................................

ग) घरमा बाबा आमाले तिमीलाई सधै पढ्न पठाउनु हुन्छ ?

...........................................................................................

घ) सधै विद्यालयमा आएर पढ्न मन लाग्छ कि लाग्दैन ?

...........................................................................................

ङ) विद्यार्थी विद्यालय नियमित उपस्थित नहुनुका कारणहरु के के हुन सक्छन् ?

...........................................................................................

च) सरहरुले अध्यापन गर्दा के कस्तो व्यवहार गर्नु हुन्छ ?

...........................................................................................

छ) विद्यार्थीलाई नियमित विद्यालयमा उपस्थित गराउनका लागि तिमीले गर्न सक्ने सहयोग के के छन् ?

...........................................................................................

ज) भोलिका दिनहरुमा विद्यार्थी नियमिततामा देखिएका समस्यालाई निराकरण गर्न के कस्ता कार्यहरु गर्नु आवश्यक छ ?

....................................................................................................